पोखराको लेकसाइडमा चाईनिज भाषाको कक्षा

पोखराको लेकसाइडमा चाईनिज भाषाको कक्षा सञ्चालन भइरहेको छ। १० वर्षाको अनुभव प्राप्त चाईनिज शिक्षकद्वारा चाईनिज भाषाको कक्षा सञ्चालन भइरहेको हुदाँ ईच्छुक व्यक्तिहरुले तुरुन्त सम्पर्क राख्नुहोला ।

नोट : विशेष ट्रेकिङ्ग गाईड, अफिस म्यानेजर, प्रोजेक्टमा काम गर्ने, पर्यटन व्यवसायीहरुमा काम गर्नेहरुका साथै हङकङ,बेजिङ्ग, मकाउ अध्ययन गर्न जानका लागि अति उत्तम।

सम्पर्क: BEAUTIFUL POKHARA ADV.P.LTD.
CHINESE CULTURE CENTER, LAKESIDE-6, POKHARA
Ph:- 061-464060, 9846038382

राष्ट्रिय दैनिक

गोल्डेन न्यूज

Golden News National Daily

○वर्ष ८ ○अंक १९ ○श्रेणी 'क' ○२०७२ असोज १९ गते मंगलबार ○ 6 Oct. 2015 ○पृष्ठ ४ ○मूल्य रू. ५/-

खुशीको खबर !!!

योग निद्रा सिकेर आफूलाईं रोगमुक्त राख्नुहोस् ।
नेपाल र पोखरामा पहिलो पटक ।
शरीर मन र आत्माको जुनसुकै रोग निवारण हुन्छ ।
शुल्क मात्र रु.१०००।- मात्र आफै आफूलाई रोगमुक्त गराउने एकमात्र ।
सिक्नुहोस्, सिक्नुहोस्, सिक्नुहोस्...र रोगमुक्त हुनुहोस् ।

मोबाइल : ९८१६१०२२१६

शहिदचोक–हल्लनचोक सडक नमुना बन्दै

सडकको स्तरोन्नति गर्न १० करोड रुपैयाँ लगानी गर्ने तयारी

गोल्डेन न्यूज संवाददाता
पोखरा १८ असोज ।

पोखराको लेकसाईड क्षेत्रको सडक नमूना बनाईने भएको छ। विश्व बैंकको सहयोगमा सडक डिभिजन कार्यालय पोखराले सहिदचोकदेखि हल्लनचोक सम्मको सडकलाई नमूना बनाउने तयारी गरेको हो। नमूना सडक बनाउन सडक सुरक्षा सम्बन्धी काम गरिने सडक डिभिजन कार्यालय पोखराले जनाएको छ। यसमा खासगरी फुट ट्र्याक र साईकल ट्र्याक निर्माण गरिने र ठाउँ ठाउँमा पर्यटन सूचना केन्द्र व्यवस्थापन गरिने कार्यालयका प्रमुख नरेन्द्र सुवेदीले जानकारी दिए। सडकको स्तरोन्नति गर्नका लागि करिब १० करोड रुपैयाँ लगानी गर्ने तयारी गरिएको छ। 'सडकको सुन्दरता झल्काउने गरी रङ्गरोगन र मार्किङ गर्छौं', सुवेदीले भने 'लेकसाईड क्षेत्रको करिब २/४ किलोमिटर सडकमा काम हुन्छ। यहाँको सडकलाई अपाङ्गमैत्री बनाईनेछ भने दायाँ-बायाँ रेलिङ्ग समेत राखिनेछ।' स्वदेशी तथा विदेशी पर्यटकको आकर्षणको केन्द्र फेवाताल अवलोकन र लेकसाइडको बजार विस्तारका लागि यो सडकको स्तरोन्नति निकै महत्वपूर्ण सावित हुने बताईएको छ। पश्चिमाञ्चल होटल संघका अध्यक्ष तथा पर्यटन व्यवसायी भरत पराजुलीले पनि लामो समयदेखि स्तरोन्नति हुन नसकेको यो सडक नमूना बनाउन सके पर्यटन क्षेत्रमा थप टेवा पुग्ने बताए। करिब १४ बर्षअघि सडक निर्माण भएदेखि अहिलेसम्म यो सडकको स्तरोन्नति हुन सकेको छैन। सडक स्तरोन्नति हुने भएपछि पर्यटन व्यवसायी भने हर्षित भएका छन्। 'टुरिजम एरियामा सडक स्तरोन्नति हुनु स्वागतयोग्य छ' उनीहरु भन्छन्- 'सलाई पोखरा भरी नै विस्तार गरिनुपर्छ। यस्तै सडक बत्तिको व्यवस्थापन पनि हुनेछ।'

यस्तै पोखरा-बुटवल सडक खण्डमा पनि स्तरोन्नति गर्ने तयारी गरिएको छ। करिब ५ करोड रुपैयाँको लागतमा पोखरादेखि करिब ६ किलोमिटर सडक स्तरोन्नति गर्न लागिएको हो। स्टिमेट तयार भैसकेको र केहीदिन भित्रै टेण्डर निकालेर प्रक्रिया सुरु गर्ने सडक डिभिजन कार्यालय पोखराका ईन्जिनियर विश्व विजयलाल श्रेष्ठले जानकारी दिए। १ महिनाको टेण्डर अवधि हुन्छ, उनले भने-कुनै अवरोध नभए २ महिनाभित्रैमा काम सुरु गर्छौं, एकबर्षभित्र काम सम्पन्न हुने पिस पोखरा डटकममा खबर छ।

दुई वटै सडकमा ५/५ करोड रुपैयाँ लगानी गर्ने तयारी छ। सिद्धार्थ राजमार्ग तर्फको भागमा भने नाला सुधार गर्ने र ब्यरियर बनाउने काममा रकम खर्च गरिने श्रेष्ठको भनाई छ। विश्व बैंकले यसलाई नमूनाको रुपमा परीक्षण गर्ने र सफल भएमा पोखरा लगायत अन्य क्षेत्रमा पनि विस्तार गर्ने तयारी गरेको छ। 'नमूनाका रुपमा यो सडकलाई स्तरोन्नति गर्ने तयारी गरिएको हो' कार्यालय प्रमुख नरेन्द्र सुवेदी भन्छन्-'सफल भयो र स्टिमेट अनुसार काम गर्न सकियो भने अन्यत्र पनि विस्तार हुनेछ, विस्तारै सबै सडकहरु यसरी नै स्तरोन्नति गर्छौं।'

पोखरा नगरपालिका क्षेत्रमा अहिले करिब २ सय २० किलोमिटर पक्की सडक छ। त्यसमध्ये करिब ६५ किलोमिटर सडक डिभिजन कार्यालयको मातहतमा छ भने बाँकी रहेका सबै सडकहरु पोखरा उपमहानगरपालिकाको स्वामित्वमा छ। पोखरा उपमहानगरपालिकाले पनि नगर क्षेत्रका सडकहरुलाई अपाङ्गमैत्री र यात्रु मैत्री बनाउनका लागि विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको छ। नगरपालिकाले नमूनाका रुपमा पोखराको सभागृहचोकमा २ वटा ह्वीलचियर क्रस बनाउने तयारी गरिरहेको छ।

यस्तै सहरका सबै सडकहरुमा सौर्य सडक बत्ति राख्ने काम भैरहेको नगरपालिकाका वरिष्ठ ईन्जिनियर शारदा मोहन काफ्लेले बताए। अहिले स्तरोन्नति हुन लागेको लेकसाईड र सिद्धार्थ राजमार्गको सबै सडक बोर्डको स्वामित्वमा छ। पोखरामा करिब २७ किलोमिटर भित्रि सडकहरु र ३० किलोमिटर राजमार्ग डिभिजन सडकले मर्मत सम्भार गर्ने गर्छ।

सडक डिभिजन कार्यालयले यसअघि पनि पर्यटकीय क्षेत्रलाई नै लक्षित गरी पोखराको जीरो किलोमिटरदेखि हल्लनचोक सम्मको सडकलाई ग्रिन रोड निर्माण गरिरसकेको छ। यस्तै अहिले पनि जिरोदेखि हरिचोक सम्मको सडकलाई ४ लेनको सडक बनाउने तयारी गरिरहेको छ।

पोखरा-काठमाडौं सुपर डिलक्स बस सेवा

गोल्डेन न्यूज संवाददाता
पोखरा १८ असोज ।

पोखराका यातायात व्यवसायीले यात्रुलाई स्तरीय बस सेवा दिन थप सुविधा सम्पन्न बस सेवा सहित संचालन गर्ने भएका छन्। सुपर डिलक्स मार्फत यात्रुलाई सेवा दिन व्यवसायीको तयारी अन्तिम तयारीमा लागेका छन्। पृथ्वी राजमार्ग बस व्यवसायी समिति मार्फत संचालन हुने बसलाई पोखरा जगदम्बा ट्राभलले स्तरीय बस ल्याएको हो। पृथ्वी राजमार्ग बस व्यवसायी समितिले सोमबार पत्रकार सम्मेलन गरि सुपर डिलक्स बस सेवा असोज २६ गते देखि सन्चालनमा आउने जानकारी दिएको छ। अशोक लेल्याड कम्पनीको २०३ चिता मोडलको बसलाई अत्याधुनिक सुविधा सम्पन्न सुपर डिलक्स बसबाट सेवा दिन लागेको पृथ्वी राजमार्ग बस व्यवसायी समितिका अध्यक्ष एनकुमार साईले जानकारी दिए। यो मोडलको बसमा अन्यमा ३२ सीट हुने भएपनि अत्याधुनिक दु इन वान सीट रहने बसमा बनाउन २१ सीट मात्रै छ। बसको एउटा सीट मात्रै बनाउ करिब १ लाख ३६ हजार रुपैयाँ लागेको पोखरा जगदम्बा ट्राभलका संचालक केशब प्रसाद अधिकारीले जानकारी दिए। सिटलाई तलमाथि र सुत्नका लागि पनि मिल्ने छ अधिकारीले भने सीटलाई रिमोटबाटै तल माथि गर्न मिल्ने बताए। उनले एसी र हिटका व्यवस्था रहेको बताउदै कोट ज्याकेट पनि सीट मै राख्न मिल्ने बताए। उनले बसमा स्पीङ्ग पर्त्ताका ठाउँमा एयर सपेन्सन रहेका कारण बढि उफार्ने समस्या नरहने बताए। टेलिभिजन, माइक, वाइफाइ सेवा र प्रत्येक सिटबाट चालकलाई जानकारी दिने बटम समेत रहेको छ। बस संचालन भएको १५ मिनेट पछि यात्रुको इच्छा अनुसार पानी चिया, कफि, चिसो र खाजाको समेत व्यवस्था हुने संचालक अधिकारीले बताए। उनले यात्रुको सामानको सुरक्षाका लागि ट्र्यागको समेत व्यावस्था गरेको बताए। बसमा यात्रा गर्दा पोखराका काठमाडौंको भाडा दर नेपालीका लागि २ हजार रुपैयाँ र विदेशीका लागि २५ सय रुपैयाँ निधारण गरेको बताए।

गगनगौंडा डिपोमा स्टक तेल वितरण गरियो

गोल्डेन न्यूज संवाददाता
पोखरा १८ असोज ।

आयल निगम गगनगौंडा डिपोमा स्टक तेल आईतवार वितरण गरियो। भारतीय नाकावन्दी खुलेको जानकारी आएपछि मौजाद तेल मध्य ३६ हजार लिटर पेट्रोल र ३६ हजार लिटर डिजेल आईतवार बितरण गरिएको हो। पोखराका १२ पम्पबाट पेट्रोल र ११ पम्पबाट डिजेल बितरण गरियो। १२ हजार लिटर डिजेल बाग्लुङ, पर्वत र म्याग्दीको लागि पठाईयो। बिहीवारदेखि निजी सवारीलाई तेल दिन रोकेकाले आईतवार साँझ पम्पमा सवारी चेप थेग्न हम्मे-हम्मे भयो। मोटरसाईकललाई पाँच, स्कुटरलाई तीन, निजी काररविपलाई हजार र ट्याक्सीलाई १५ सय बराबरको तेल बितरण गरेको निगमले अब नाकाबाट नआएसम्म दिन नसकिने स्पष्ट पारेको छ।

'डिपोमा मौजाद मध्ये ५० देखि ६० हजार लिटर झिक्न मिल्ने हो, नाका खुलेको खबरले ३६ हजार लिटर निकालियो' आयल निगम गगनगौंडा डिपो प्रमुख मनोज ठाकुरसँग भने-'ईमर्जेन्सीको लागि केही होला तर उपभोक्ताले तत्काल पाउन सक्ने अबस्था छैन।'

उनका अनुसार तेल लिनको लागि गएका ट्याङ्कर पनि नाकामै रोकिएका छन्। यस क्षेत्रको लागि रक्सौल नाकामा पुगेका १४ मध्ये ७ वटा ट्याङ्कर नाका पारी गएपनि रित्तै छन्। बाँकी ७ ट्याङकर अमलेख गञ्ज नाकामा गएको थन्किएका छन्। ठाकुरका अनुसार नाकामा तेल भरेर हिडेको ट्याङकर तराईको आन्दोलन छिचोलेर पोखरासम्म आउन कम्तिमा चार दिन लाग्छ। नाकाबाट तेल भरेर ट्याङकर हिंडेको कम्तिमा सात दिनमा उपभोक्ताले तेल पाउन सक्ने भएकाले अझै कति दिनमा आपूर्ति सहज हुन्छ यसै भन्न सकिन्न। 'पारी गएको पनि लोड भएको छैन। अब कहिले आउछ पत्तो छैन।' उनले भने। पोखरा सहित गण्डकी धौलागिरीमा दैनिक ८० हजार लिटर पेट्रोल र एक लाख ६० हजार लिटर डिजेलको माग छ। यस क्षेत्रमा ५२ वटा पेट्रोल पम्पहरु रहेका छन्।

पेट्रोलियम डिलर्स एशोसिएशन गण्डकी धौलागिरीका सचिव राजन गंगजुले पम्पबाट तत्कालको लागि तेल वितरण गर्न नसकिने जानकारी दिए।

राष्ट्रिय सहमतिको सरकार नै गठन गर्नुपर्नेमा १८ दलको जोड

काठमाडौं १८ असोज ।

मुलुकको राष्ट्रिय समस्या समाधान गर्न र संविधानको सफल कार्यान्वयनका लागि राष्ट्रिय सहमतिको सरकार नै गठन गर्नुपर्नेमा संसद्मा प्रतिनिधित्व गर्ने दलका नेताले सुझाव दिएका छन्। प्रधानमन्त्री निवास बालुवाटारमा सोमबार प्रधानमन्त्री सुशील कोइरालाले आयोजना गरेको सर्वदलीय बैठकमा सहभागी दलका नेताले प्रमुख राजनीतिक दलबीच भएको १६ बुँदे सहमतिका आधारमा नै अगाडि बढ्नुपर्ने सुझाव दिएका हुन्। नयाँ संविधान जारी भएपछि तराई मधेसमा जारी आन्दोलनलाई सम्बोधन गर्न र संविधानको सफल कार्यान्वयनका लागि पनि राष्ट्रिय सहमतिको सरकारको विकल्प नभएको भन्दै बहुमतीय सरकारले कुनै पनि समस्याको समाधान नगर्नेतर्फ सचेत गराएका हुन्।

विगतको सहमति र मुलुकको आवश्यकतालाई ध्यान दिएर अगाडि बढ्दा नै सबैको हित हुन्छ भन्दै बैठकमा सहभागी नेताले कुनै पनि बहानामा मुलुकलाई पछि पार्ने काम गर्न नहुनेमा जोड दिएका थिए। बैठकपछि सञ्चारकर्मीसँग संक्षिप्त प्रतिक्रिया दिँदै प्रधानमन्त्री सुशील कोइरालाले नयाँ सरकार गठनको सम्बन्धमा पार्टीको केन्द्रीय कार्यसमितिको बैठकपछि कसले नेतृत्व गर्ने र कसरी अगाडि बढ्ने भन्ने स्पष्ट हुने बताए।

प्रधानमन्त्री कोइरालाले भने-“हामी केन्द्रीय कार्यसमितिको बैठक बसेर चाँडै निर्णय गर्छौं। समस्या बल्झाउनेतर्फ होइन, सबैले समाधान गर्नेतर्फ लाग्नुपर्छ।” उनले केन्द्रीय कार्यसमितिको बैठक चाँडै बस्ने जानकारी दिए। सञ्चार कर्मीसँग कुरा गर्दै नेकपा (एमाले)का महासचिव ईश्वर पोखरेलले १६ बुँदे सहमति गरेर जसरी सहज रुपमा संविधान जारी गर्ने वातावरण बन्यो सोही भावनालाई आत्मसात् गरेर नयाँ सरकार गठन र मुलुकमाथि देखापरेको सङ्कट समाधान गर्ने विषयमा छलफल केन्द्रित भएको बताए। “राष्ट्रिय सङ्कट समाधान गर्न सबै दल एकताबद्ध भएर जानुपर्छ, कुनै पनि बहानामा मुलुकलाई पछाडि पार्न हुन्न भनेर बैठकमा सहभागी दलका नेताले सुझाव दिनुभएको छ”, महासचिव पोखरेलले भने। बैठकमा सहभागी साना दलले विगतमा प्रमुख दलबीच जे सहमति भएको छ, सोही आधारमा अगाडि बढ्न सुझाव दिएका थिए। बैठकमा प्रधानमन्त्री कोइरालाले विगतमा भएका सहमतिका बारेमा पार्टी केन्द्रीय समितिमा छलफल गरेर अन्तिम निर्णय लिने बताउनुभएको महासचिव पोखरेलले जानकारी दिए। नेपाली काँग्रेसका नेता महेश आचार्यले संविधान जारी गर्दा देखिएको प्रमुख दलबीचको एकतालाई कायम गरेर अगाडि बढ्न बैठकमा सहभागी दलले सुझाएको बताए। उनले भने-“सहभागी दलले मुलुक तनावबाट अगाडि बढेको छ। यो समयमा सबै दल एकताबद्ध भएर सरकार निर्माणलगायत विषयमा अगाडि बढ्न सुझाव दिनुभयो। संविधानको कार्यान्वयनका लागि विभिन्न ऐन कानुन निर्माण गर्नुपर्छ।”

उनले बैठकमा नेपाल-भारत सीमा क्षेत्रमा देखिएका अवरोधलाई कूटनीतिक तवरले समाधान गर्न पनि राष्ट्रिय एकताको जरुरी परेको भन्ने सुझाव बढी मात्रामा आएको उल्लेख गरे। एकीकृत नेकपा (माओवादी) का उपाध्यक्ष नारायणकाजी श्रेष्ठले बैठकमा नयाँ सरकार गठनको प्रक्रियाका बारेमा छलफल भएको र संविधान घोषणासम्म आइपुग्दा एक भएका दलसँगै अगाडि बढ्नुपर्छ भन्ने सुझाव आएको बताए।

“सबै पार्टीको एकताका कारण संविधान घोषणा गर्न सम्भव भयो। अब पनि सोही प्रकारको एकतालाई कायम राखेर सरकार बनोस् भन्ने बैठकमा सहभागी राजनीतिक दलको राय थियो”-उपाध्यक्ष श्रेष्ठले भने। बैठकमा सहभागी साना दलले ठूला दलबीच विगतमा भद्र सहमति भएको भए त्यसलाई कार्यान्वयन गरेर जान, नभएको भए सहमति गर्न र नयाँ ढङ्गले जाने हो भने पनि सहमतिकै आधारमा अगाडि बढ्न सुझाव दिएको उनको भनाइ थियो। बैठकमा एमाओवादीका अध्यक्ष पुष्पकमल दाहाल र नेकपा(एमाले)का शीर्ष नेतृत्वले १६ बुँदे

बाँकी अन्तिम पृष्ठमा......

दलको आ-आफ्नै अड्कल, जोड घटाउ शुरु

काठमाडौं १८ असोज ।

नेपाली राजनीतिमा अहिले सरकारको नेतृत्व कुन राजनीतिक दलका कुन नेताले गर्छन् भन्ने विषयमा जोडतोडका साथ बहस र छलफल भइरहेको छ। सरकारको नेतृत्व कसले नेतृत्व गर्छ भन्ने बहस र छलफलसँगै तीन दलबीचको एकता सरकार बनाउने खेलमा टुट्नुहुन्न भन्ने आम जनताको चासो र चिन्ता पनि उत्तिकै देखिएको छ। संविधान जारी गर्ने सन्दर्भमा प्रमुख दलबीच देखिएको बृहत् एकता कम्तिमा पनि अरु पाँच वर्षसम्म कायम रहनुपर्ने र त्यसका लागि सहमतिकै आधारमा राष्ट्रपति, प्रधानमन्त्री र सभामुखजस्ता पदको बाँडफाँड हुनुपर्ने तर्क बलियो रुपमा प्रस्फुटित हुँदै आएको छ। दलबीच पछिल्लो समयमा सुरु हुन थालेको सरकार गठन र राष्ट्रिय महत्वका महत्वपूर्ण पद प्राप्त गर्ने जोड घटाउले कतै मुलुकलाई फेरि समस्या त पार्दैन भन्ने आशङ्का समेत पैदा गरिदिएको छ। दलबीचको अहिलेको एकतालाई बिथोल्न अनेकौं षड्यन्त्र र तानाबाना बुन्नसक्ने पाटोलाई प्रमुख दलका शीर्ष नेताले गहिरोसँग हेक्का राख्न जरुरी रहेको आवश्यकता औंल्याइएको छ। मुलुकलाई अप्ठ्यारो परेका बेलामा अभूतपूर्व एकता प्रदर्शन गर्दै आएका दल सरकार गठनकै विषयमा चुक्ने छैनन् भन्ने विभिन्न कोण प्रतिकोणबाट भनाइ सार्वजनिक भइरहेका छन्।
प्रधानमन्त्रीको विषय बढी चर्चामा आएको देखिए तापनि प्रधानमन्त्री को हुने भन्ने सुनिश्चिततासँगै बाँकी पदको निक्यौंल हुने भएकाले पनि सो विषयलाई राजनीतिक वृत्तमा स्वभाविक रुपमा हेरिएको छ।

बाँकी अन्तिम पृष्ठमा......

वविन टेलरिङ एण्ड सर्टिङ-सुटिङ

विगत १७ वर्षदेखि म्याग्दी जिल्लाको बेनीबजारमा संचालित बबिन टेलरिङ एण्ड सर्टिङ-सुटिङको शाखा पोखराको न्यूरोडस्थित भाटभटेनी सुपर मार्केटको आडमा पनि । विभिन्न ब्राण्ड र आकर्षक डिजाइनमा सुपथ मूल्यमा सर्टिङ-सुटिङका लागि एकपटक पुग्नैपर्ने ठाउँ ।

हाम्रो बाबाले सधैं बबिन टेलरिङमा सिलाउनुहुन्छ...

BABIN TAILORING & Shirting Suiting
HeadOffice: Hulak Chowk, Myagdi, Beni, Tel.: 069-520760
Branch: Newroad, Pokhara, Tel.: 061-527420
Email: babiinbagdash@yahoo.com,
Web: www.babintailors.com

हार्दिक बधाई

श्री भक्तराज श्रेष्ठ

सिद्धार्थ टोल विकास संस्थाका शुभचिन्तक, सहयोगी अभिभावक, नेवाः भ्नी गुठीका अध्यक्ष, बगालेटोल टोल सुधार समितिका निवर्तमान अध्यक्ष श्री **भक्तराज श्रेष्ठ**ज्यू ज्येष्ठ नागरिक सरोकार समाज कास्की, पोखराको गरिमामय अध्यक्ष पदमा निर्वाचित हुनुभएकोमा **हार्दिक बधाई** ज्ञापन गर्दै कार्यकालको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौं ।

गोमा कोइराला सुवेदी
अध्यक्ष एवं
सिद्धार्थ टोल विकास संस्था परिवार, पोखरा-४, रामकृष्णटोल

जिरो प्वाइन्ट ट्राभल्स एण्ड टुर्स प्रा.लि.
Zero Point Travels & Tour (P.) Ltd.

Specially International Tickting & Domestice Ticket

अन्य सेवाहरू :
- International & Domestic Hotel Booking.
- Tourist Bus Ticket & Other Travels.
- Helicopter Charter.

Mr. Chetan Karki
Zero Point Travels & Tours (P.) Ltd.
Nagdhunga, Pokhara-9, Nepal
Phone : +97761-526004, 9856031455, 9846065544
Fax : +97761-526004
Email : zeropointtravels@yahoo.com
Travelzeropoint@gmail.com
Website : www.zeropointravel.com.np

■ अविरल असफलता बाहेक अरू सबै कुरा सहन सकिन्छ ।

\- गेटो

सम्पादकीय . .

भट्टराईको परित्याग कति उचित ?

जनताबाट चुनिएका प्रतिनिधिहरुको भारी बहुमतबाट नेपालको संविधान जारी भएपछि एमाओवादीका वरिष्ठ नेता डा. बाबुराम भट्टराईले सरप्राइज दिने गरी पार्टी परित्यागको घोषणा गरेका छन् । भारत अनुकुलको संविधान जारी नभएपछि डा. भट्टराईले मधेसीको मागलाई बहाना बनाएर एकाएक पार्टी परित्याग गरेपछि नेपाली राजनीतिमा विभिन्न आंकलनहरु गर्न थालिएको छ । भारतले चाहे जस्तो संविधान जारी नभएपछि भट्टराईले अझै खुशीयाली मनाउने दिन नआएको प्रतिक्रिया दिएका थिए । पछिल्ला भारत समर्थित गतिविधि र अभिव्यक्तिले भट्टराई भारतपरस्त हुन पुगेका त होइनन् भन्ने संकेत गरेको छ । यदि होइन भने संविधान पाएर लोकबासीहरुले हर्षबढाई गरिरहेका बेला भट्टराई भारतको समर्थनमा उत्रनुले उनी भारतपरस्त हुन भन्नेमा कुनै शंका छैन । उनले मधेसका मागलाई आधार बनाएर पार्टी परित्याग गर्नु केवल हात्तिका देखाउने दाँत हुन भन्ने लोकले बुझेका छन् ? १२ वर्षे सशस्त्र द्वन्द्वमा होमिएर १५ हजार भन्दा बढी जनताको बलिदानीबाट प्राप्त नयाँ संविधानलाई कार्यान्वयनमा ल्याउने महत्वपूर्ण कार्यभार पुरा गर्ने दायित्व उनको काँधमा आएको थियो । आफूले उठाएको संविधानसभाबाट नयाँ संविधान जारी गर्ने मुद्दा लामो समयको अन्तरालपछि यथार्थमा परिणत भएको छ । नयाँ संविधान कार्यान्वयन गर्ने पाटोलाई पुरा गर्ने अभिभाराबाट भट्टराई पन्छिन मिल्दैन । हजारौं सहिद र तिनका परिवारको आँशु, पसिना र रगत सुक्न नपाउदै भट्टराई जिम्मेवारीबाट भाग्न खोज्नु पीडादायक छ । यतिमात्रै होइन महाभूकम्पबाट थिलोथिलो परेको देशलाई पुन:निर्माण गर्ने जिम्मेवारी पनि भट्टराईको काँध छ । ज्यानलाई बाजी लगाएर ल्याएको संविधानलाई संस्थागत गर्न र देशलाई पुन:निर्माण गर्न भट्टराईले अग्रसरता देखाउने बेला हो यो । तर, उनले नेपालको स्वाधिनतामाथि बारम्बार हस्तक्षेपकारी भूमिका खेल्दै आएको भारतको पक्षपोषण गर्नुले उनको आर्किटेक्चर विचारमा धमिरा लागेको त छैन भन्ने पुष्टि गर्छ । भारतको योजना अनुसारको भारतमुखी संविधान नबनेपछि यति दु:खी भएकी पार्टी नै परित्याग गर्न पुगे । भारतले अनावश्यक दवाब र हस्तक्षेप गरिरहेको अवस्थामा राष्ट्रिय स्वाधीनताको रक्षा र विदेशीको हस्तक्षेपको खुलेर बिरोध गर्नुपर्ने अवस्थामा भट्टराईले नेपाल र नेपाली जनता छोडेर भारत रोजेका छन् । नेपालको संविधानलाई अघोषित बहिष्कार गरेर भट्टराईले गिलास आधा भरिएकोले अझै खुशी मनाउने समय नआएको बताएका थिए । बाबुरामको पार्टी परित्याग संवेदनशील अवस्थामा आएको छ । नयाँ संविधानमा भारतको आलोचना भइरहेको र त्यही निहुँमा नेपालमाथि अघोषित नाकाबन्दी गरिएको छ । यस्तो संवेदनशिल अवस्थामा भट्टराईको पार्टी परित्यागलाई सामान्य अवस्था लिनु हुँदैन । आफू हिस्सेदार रहेको संविधानबारे भट्टराईले बखेडा झिक्नु पनि हुँदैन ।

आजको पञ्चाङ्ग

मिति २०७२ साल आश्विन १९ गते मंगलबार, तदनुसार अक्टुवर ६ सन् २०१५, श्रीशाके १९३७, नेपाल संवत् ११३५, कीलकनामक: संवत्सर:, सूर्य पृथ्वीको दक्षिणी गोलार्द्धमा प्रवेश गरिसकेका छन् । शरद ऋतु चलिरहेको छ । चान्द्रमान अनुसार आश्विनकृष्ण (पितृ) पक्ष चलिरहेको छ । सौरमान अनुसार आज आश्विनकृष्ण (पितृ) पक्षको नवमी तिथि ३३ घटि २५ पला अर्थात साँझमा ७ बजेर २१ मिनेट सम्म त्यसउप्रान्त दशमी तिथि लाग्नेछ । आज सूर्य कन्या राशिमा, चन्द्रमा कर्कट राशिमा अहोरात्र रहनेछ । आज दिनमान २९ घटि २१ पलाको रहनेछ । आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ५ बजेर ५९ मिनेटमा जयदेव मुहूर्तमा हुनेछ भने सूर्यास्त साँझ ५ बजेर ४३ मिनेटमा हुनेछ ।

आजको राशिफल

मेष : जोखिममा काम गर्नु पर्नेछ, शत्रु भेद रहनेछ, अर्काको काममा समय बित्नेछ ।

वृष : जमिन लाभ, नयाँ कार्यमा लगानी, महत्वपूर्ण उपलब्धि हाँसिल,दिन सबै प्रकारले शुभ रहने ।

मिथुन : सोचाइ विपरित काम हुनेछ, पारिवारिक चिन्ता बढ्नेछ, घरमा बस्न मन लाग्नेछैन ।

कर्कट : पुरानो धन प्राप्त हुने, स्वास्थ्यमा क्रमिक सुधार हुनेछ, दिन सामान्य रहनेछ ।

सिंह : र व्यवसायमा गिरावट, गरेको प्रयास असफल, स्वास्थ्यमा एक्कासि खराबी आउनेछ ।

कन्या : टाढाबाट धन आउनेछ, मानसिक शान्ति तथा आराम मिल्नेछ, शत्रु परास्त हुनेछ ।

तुला : परिवारमा अशान्ति हुनेछ, आफन्तजनबाट धोका, वायुरोगले सताउनेछ ।

वृश्चिक : गुमेको धन फेला पर्न सक्नेछ, राजनैतिक सक्रियता बढ्नेछ, समग्रमा दिन शुभ छ ।

धनु : सामाजिक कार्य गरेरपनि जस पाइने छैन, यात्रामा झन्झट खेप्नु पर्ला सतर्क रहनुहोला ।

मकर : आम्दानीमा एक्कासि बृद्धि, सहयोगी हातहरू बढ्नेछन्, धर्मकर्ममा मन जानेछ, समय शुभ छ ।

कुम्भ : काममा अवरोध आउनेछ, आफ्नो इज्जतमा आँच आउन सक्छ, काम गर्दा चनाखो हुनुहोला ।

मीन : नयाँ काम गर्ने जोश जाँगर बढ्नेछ, आम्दानीमा बृद्धि हुनेछ, व्यापारबाट लाभ पाईनेछ ।

राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९

भत्किँदै गरेको राष्ट्रियता र वर्तमान अवस्था

आवेग र भावावेग हाम्रो पुस्तैनी पहिचान हो जसलाई आजपर्यन्त हामीले साँचिरहेका छौं र प्रयोग पनि । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको पहिलो नेपाल भ्रमणमा जब उनले नेपालको संविधान सभामा भाषण गरे नेपाल आफ्नो सब भन्दा नजिकको मित्र राष्ट्र हो । नेपाल एउटा सार्वभौम सत्ता सम्पन्न स्वतन्त्र मुलक हो र बुद्ध नेपालमा जन्मेका थिए । हामी त्यतिबेला संसदमा मरिमरि टेबल ठटाउनुमा मग्न रह्यौं र बाटोमा आवेगमा मोदी हाई हाईमा मस्त । सबै जसो बुद्धिजीवि, पत्रकार, लेखकहरुले नेपाल र भारतको मित्रतामा नयाँ आयाम थपिएको र अब नेपाल भारत सम्वन्ध पहिले भन्दा प्रगाढ बन्ने सपना देख्यौं । त्यतिबेला हामी कसैले पनि चीजलाई द्वन्द्वात्मक भौतिकवादी आँखाले हेर्न र विश्लेषण गर्न सकेनौं की चिल्ला र चिप्ला कुराभित्र कुनै शकुनी षड्यन्त्र लुकेको हुन सक्छ जो मौका आउनसाथ सतहमा आइहाल्छ बस् यतिबेला भयो त्यही र हिजोका जयजयकार आवेगहरु आज क्षणभङ्गुर बन्न पुगेका छन् र मोदीले दुईवर्षको अन्तरालमा नेपालबाट आफुलाई निर्वस्त्र तुल्याएकाछन् ।

नेपालले भर्खर मात्र एउटा बुढो इतिहास बोकेको अपुरो सपनालाई साकार पार्‍यो । नागरिकले चुनेका प्रतिनिधिले विगत आठ नौ वर्षदेखि चलाईरहेको बबण्डर छलफल, टिकाटिप्पणी आरोप प्रत्यारोप आदि आदिबाट जब संविधान सभाले यसपटक नयाँ संविधान जारी गर्ने पक्का गर्‍यो तब दक्षिणी छिमेक सामान्य कुटनीति समेत बिर्सेर नेपालमा विशेष दुत पठाएर आफ्नो हैकमका उदात्त फरमान जारी गर्ने तहसम्म गिर्न पुग्यो । विशेषत तराई मधेशमा त्यहाँका जमिन्दार, शोषक, सामन्त र इण्डियाबाट नेपाल पसेका अंगिकृत नागरिकता वालाहरुको अगुवाईमा वैधानिक रुपबाट नेपाललाई सिक्किमीकरण गर्ने भारतको अभिष्ट पुरा नहुने अवस्था सिर्जना भयो तब भारतले नेपालको नयाँ संविधानलाई स्वीकार्न इन्कार गर्‍यो । परिणाम यतिबेला नेपालले भारतबाट अघोषित नाकाबन्दीको सामना गरिरहनु परेको छ ।

यतिबेला तराई जलिरहेको छ । मुलधारका राजनीतिक दल सायद सत्ता समिकरणको जोड घटाउमा समय व्यतित गरिरहेका छन् तिनको काम नै त्यति छ कसरी हुन्छ सत्ताको मुहुनीदार कुर्चिमा विराजमान हुने र इतिहासमा नाम लेखाउने । यही मेसोमा यतिबेला देशले दक्षिणी छिमेकीबाट पुन: अघोषित नाकाबन्दी ब्यहोर्नु परेको छ । सन् १९६५ मा पारवहन सन्धीमा नेपाल र भारत दुवैले हस्ताक्षर गरेका छन् र दुवै राष्ट्र डब्लुटिओको सदस्य पनि रहेको अवस्थामा विश्वमा रहेका ४४ ओटा भुपरिवेष्टित राष्ट्रहरुले छिमेकी राष्ट्र हुँदै समुन्द्रसम्मको पारवहन सुविधा पाउने भन्ने राष्ट्र संघीय महासन्धि, सन् १९७३ मा जमैकाको मोन्टेगोमा सम्पन्न सामुद्रिक कानुन सम्वन्धि संयुक्त राष्ट्र संघीय सम्मेलनले तय गरी सन् १०८२ पारित सो कानुनले भाग १० को धारा १२४ देखि १३२ सम्म भुपरिवेष्ठित राष्ट्रको समुन्द्रसम्मको निर्वाध आवत जावतलाई गरेको ग्यारेन्टि, विश्व व्यापार संगठन, दक्षिण एसियाली स्वतन्त्र व्यापार क्षेत्र (साफ्टा) बिम्स्टेक, नेपाल भारत व्यापार सन्धि लगायत अन्तराष्ट्रिय कानुन र सन्धि सम्झौताबाट बच्न भारतले अघोषित नाकाबन्दी गरेको छ र कारण नेपालको आन्तरिक मामिला र तराई मधेशको कथित आन्दोलनलाई देखाईरहेको छ । विडम्बना आफुलाई नेपाली हुँ भन्ने मधेशका ठालुहरुले दशगजा जहाँ कुनै पनि आन्दोलन र सभा समारोह गर्न पाइँदैन त्यसभित्र पसेर मनपरी नेपाली राष्ट्रियताका विरुद्ध बोलिरहेका छन् । भारतीय भूमिमा भारतीय केही विशेषत सत्तारुढ दलका भातृ सङ्गठनले पाल टाँगेर आन्दोलनकारीलाई भोजन खुवाईरहेका छन् र भारतीय सीमाबाट त्यहाँका सुरक्षाकर्मीका अगाडीबाट नेपालका सुरक्षाकर्मीहरु माथी ढुङ्गा मुढा र बोटल प्रहार हुन्छ यसले प्रमाणित गर्छ भारत नेपाललाई सिक्किमीकरण या भुटान बनाउन चाहन्छ र जुन पार्टीको सरकार आएपनि भारतको नेपाल नीति उही रहन्छ जो त्यहाँको खुफिया संस्था रले निर्धारण गर्छ । रको कार्यक्रममा सरकारले आफुलाई सहभागी गराउने गर्छ बस् । संयोग २०४५ सालको भदौ ५ गते गएको भुकम्पपछि भारतले १३ महिना नेपाललाई नाकाबन्दी लगाएको थियो र यसपाली पनि गत वैशाख १२ को विनाशकारी महाभुकम्प र त्यसले पुर्‍याएको मानवीय र भौतिक क्षतिको नाममा गोहीको आँसु चुहाएको भारतले पुन: नेपाललाई नाकाबन्दी लगाएको छ ।

भरत बाग्लुङ्गे

देशका दाश मानसिकता बोकेका पुरातनपन्थी राजनीतिज्ञहरुको अदुरदर्शीता र भारत भक्तिको परिणाम हामी सधैं भारतप्रति भरनिर्भर हुनुपरेको छ । यतिबेला नेपाली जनता आहत बन्न पुगेका छन् र तिनले नेपालमा सरकार छ या छैन महशुस गर्न सकेका छैनन् । आफ्नो हक अधिकारको लडाईंमा विदेशीको इशारामा देशलाई आघात पुर्‍याउने तथाकथित मधेशी नेताहरुको राजनैतिक अभिष्ट के हो ? राज्यले तिनलाई देशद्रोही करार गर्न किन सकिरहेको छैन । चालिस लाख भारतीयहरुले नेपालबाट लिएको नागरिकताको छानविन र त्यसको खारेजी हुनु जरुरी छ जसको कारण नेपाल क्रमश: अस्थिरताको मार्गतिर धकेलिँदै छ र नेपालको राष्ट्रिय अखण्डता, सार्वभौमिकता र स्वतन्त्रतता समेत खतरामा पर्दै गईरहेको छ यो बेला निदाउने बेला जरुर हैन भारतीय हस्तक्षेपलाई अन्तर्राष्ट्रियकरण गरी भारतको दादागिरिको भण्डाफोर गर्न बेला आएको छ । तर नेपाल सरकार, नेपालका राजनैतिक दलको मौनताले पुन: एकपटक नेपालले स्वाधिन र स्वतन्त्र भएर बाँच्न सक्ने मौका गुमाउने खतरा देखिदैछ । आत्मनिर्भर अर्थतन्त्रको निर्माणको लागि हाम्रो भौगोलिक विविधतालाई सदुपयोग गर्ने नीति बनाउन चुकेकै कारण र सधैं दक्षिण फर्किएर बाँच्नमा गर्व गरिएकै कारण नेपालले अहिलेको अवस्था ब्यहोर्नु परेको हो । दक्षिणको योजनामा नेपालको सरकारको फेरबदल, नेपालको आन्दोलनको उत्कर्ष र अन्त अनि दक्षिणको योजनामा नेपालको प्राकृतिक सम्पदाको दोहन र दक्षिणको योजनामा यहाँका निर्वाचन क्षेत्रको निर्धारण र दक्षिणका मान्छेहरुको बसोवासको प्रवन्ध हामीले भोगिरहेको र मौन सही रहेको नियति हो यो ।

जब जब नेपालमा राष्ट्रियताका कुरा उठ्छन्, सडकमा राष्ट्रियताका नारा लाग्छन् एउटा वर्ग जो सहरमा विलाशिताको जिन्दगी व्यतित गरिरहेको हुन्छ उ मौन बस्छ, सहरका बुद्धिजीवि, लेखक, पत्रकार, उद्यमी, ब्यापारी लगायत आम सर्वसाधरण मौन बसेर आन्दोलनको विरोध गर्छन् त्यो सबको परिणती हो बेला बेला भारतबाट हुने नेपालमाथीको हस्तक्षेप । यतिबेला नेपालमा फेरी राष्ट्रियताको एउटा नयाँ लहर सिर्जना भएको छ । देशभक्तहरु स्वतस्फुर्त सडकमा राष्ट्रिय झण्डा बोकेर भारतीय विस्तारवादको विरुद्ध अन्तिम युद्ध लड्ने तर नझुक्ने संकल्प गरेका छन् तर सडकमा नेतृत्व शुन्यप्राय छ । हाम्रो नेतृत्व न मधेशीसँग सार्थक वार्ता गर्छ । न मधेश झरेर आम सर्वसाधरणलाई संविधानको अन्तरवस्तुबारे अवगत गराउँछ । न भारतसँग सार्थक वार्ता गरेर नाका खुलाउन सक्छ । न अन्तर्राष्ट्रिय अदालतमा भारतीय रवैयाको विरुद्ध मुद्दा हाल्न सक्छ । यही स्थिति रहे अबको केही वर्षमा नेपालको तराई भूभाग हुलहुज्जत र दक्षिणको नाकाबन्दीबाट त्यो छुट्टै देश या भारतमा गाभिन सक्छ । किनकी राष्ट्रियतामाथि यति ठूलो धक्का लाग्ने काम सायद इतिहासमा कहिल्यै भएको थिएन जसको विरुद्धमा नेपालका शासक, र यहाँका राजनैवधस्तिक दल किन एक भएर सडक, सदन र अन्तर्राष्ट्रिय स्तरमा उभिन सकिरहेका छैनन् ।

आम नागरिक भारतीय विस्तारवादका विरुद्ध सडकमा छन् तर सरकार ठोस रुपमा प्रस्तुत हुन सकिरहेको छैन । अबको नेपालको नीति के हुने ? नेपालले कसरी अन्तराष्ट्रिय रुपमा भारतको रवैयाको भण्डारफोर गर्ने र चीनसँगका उत्तरी नाकाहरु खुलाउने सडकको स्तरोन्नती कसरी गर्ने र क्युवा या उत्तर कोरियाले जसरी हामीले पनि कसरी आत्मनिर्भर हुने र हाम्रो राष्ट्रिय स्वाधिनतालाई कसरी सुरक्षा गर्ने र कसरी नेपाललाई एउटा सार्वभौम सत्ता सम्पन्न मुलुक बनाउने यसतर्फ हाम्रो नेतृत्व पंक्ति मौन देखिन्छ । सायद संयुक्त राष्ट्रसंघको महासभामा भाग लिन गएका मोदी महोदयको भारत फिर्तिपछि सब सहज हुने आकलनसाथ सरकार र राजनीतिक दलहरु पर्ख र हेरको रणनीतिमा छन् जो हाम्रो सुखद भविष्यको निमित्त घातक सिद्ध हुनेछ । चेतना भया !

ईन्द्रेणी प्रा.वि. लेखनाथ–९ को अभिभावक दिवस

गोल्डेन न्यूज संवाददाता
पोखरा १८ असोज ।

श्री ईन्द्रेणी प्रा.वि. लेखनाथ-९ को ५७औं अभिभावक दिवस तथा पुरस्कार वितरण कार्यक्रम विद्यालय निरिक्षक भोजराज न्यौपानेको प्रमुख आतिथ्यतामा सम्पन्न भएको छ । कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि न्यौपानेले शिक्षकहरूले आफ्नो पेशाप्रति गौरव गर्नुपर्ने, अभिावकहरूले आफ्ना बाबुनानीहरूको पठनपाठन र विद्यालयको शैक्षिक तथा अतिरिक्त क्रियाकलाप तर्फ निरन्तर चासो राख्नुपर्ने बताए । अत्यन्त सुन्दर ठाउँमा रहेको विद्यालयको शैक्षिक तथा भौतिक अवस्थालाई पनि सुन्दर बनाउनका लागि सबै अभिभावक, पूर्व विद्यार्थी, पूर्व शिक्षक र गाउँ बासीहरूको सहयोग विद्यालयाई आवश्यक रहेको कुरा बताउँदै उनले विद्यालयलाई आमाको सम्मान दिँदै आमाको हेरचाहका लागि सबैलाई जुट्न आग्रह गरे । कार्यक्रमका विशेष अतिथि लेखनाथ साहित्य प्रतिष्ठानका अध्यक्ष पद्मराज ढकालले विद्यालयको भौतिक अवस्थाको सुधारका साथै शैक्षिक स्तरलाई वृद्धि गरी विद्यार्थी सङ्ख्या बढाउनका निम्ति सबै एक भई लाग्नु पर्ने बताए । विविध सांस्कृतिक कार्यक्रम सहित २०७० र २०७१ को शैक्षिक तथा अतिरिक्त क्रियाकलापतर्फका पुरस्कारसमेत वितरण गरिएको उक्त कार्यक्रममा आफ्नो मन्तव्यका क्रममा विद्यालय व्यवस्थापन समितिका पूर्व अध्यक्ष मधुकर न्यौपाने, समाजसेवीहरू कृष्ण तिमिल्सिना, भरतप्रसाद तिवारी, मिलन तिवारी, वीरभद्र कडेंल, इन्दु भण्डारी लगायतले विद्यालयको उन्नति र प्रगतिका लागि एक्ताबद्ध भई अगाडि बढ्ने प्रतिबद्धता जनाए । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वीरबहादुर गुरुङको अध्यक्षतामा सम्पन्न सो कार्यक्रमको सञ्चालन विद्यालयका प्राचार्य मित्रलाल तिमिल्सिनाले र स्वागत शिक्षक नोचबहादुर गुरुङले गरेका थिए । विद्यालयका प्राचार्य मित्रलाल तिमिल्सिनाद्वारा २०७० र २०७१ को आर्थिक, भौतिक तथा शैक्षिक प्रगति विवरण प्रस्तुत गरिएको सो कार्यक्रममा चन्द्रकान्त ढकाल स्मृति प्रतिष्ठानद्वारा स्थापित र विद्यालयका पूर्व प्रधानाध्यापक हरिकृष्ण बञ्जराका नाममा स्थापित शैक्षिक पुरस्कारहरू समेत वितरण गरिएको थियो ।

बीएलएलबी बारे छलफल

गोल्डेन न्यूज संवाददाता
पोखरा १८ असोज ।

पृथ्वीनारायण क्याम्पस कानून संकाय अन्तर्गत सञ्चालन भइरहेको वि.ए.एल.एल.बि. कार्यक्रममा प्रवेश परीक्षाको कक्षा कानुन संकायको भवनमा सुरु भएको र उक्त कक्षामा कानूनको प्रध्यापकहरु हेमराज गिरी, हरिप्रसाद सुवेदी, वि.ए.एल.एल.बि.को कार्यक्रम निर्देशक लालबहादुर कुँवर, बि.एल.एल.बी.को ४५ वर्षका छात्र सरोज भण्डारी, प्रथम वर्षका छात्र नरेश खनालले नेपालमा कानुनी शिक्षाको सुरुवात, विकास क्रम र भविष्यको बारेमा बताएका थिए । कानूनी शिक्षा अध्ययन गर्न चाहने सम्पूर्ण विद्यार्थीहरुका लागि नि:शुल्क रुपमा अनेरास्ववियूद्वारा यो अभियान सुरु गरिएको बताइएको छ ।

त्यसै गरी कानुन अध्ययन गर्न चाहने सम्पूर्ण विद्यार्थीहरुलाई उक्त कक्षा समावेश हुन समेत आह्वान गरिएको छ । अभियानको व्यवस्थापन बि.ए.एल.एल. वि का छात्र सरोज भण्डारी नरेश खनाल, विवेक मैनाली, शंकर सैजु, चित्र सुनारले गरेका छन् ।

मालेपाटनमा अनेमसंघको प्रशिक्षण

पोखरा १८ असोज ।

अखिल नेपालमहिला संघ पोखरा वडा नं.५ मालेपाटनको आयोजनामा एकदिने प्रशिक्षण सम्पन्न भएको छ । सृजना शाहको अध्यक्षतामा भएको प्रशिक्षण कार्यक्रममा अनेमसंघका वर्तमान दायित्व विषयमा संघको केन्द्रीय सचिव सृजना शर्मा र नयाँ संविधानमा महिलाका हक, अधिकारबारे अधिवक्ता भगवती पहारीले प्रशिक्षण दिएका थिए । प्रशिक्षण पूर्व प्रमुख अतिथि सृजना शर्माले महिलाहरुको सहभागीतालाई नयाँ संविधानले सुनिश्चित गरेको बताइन् । जिल्ला पार्टी सदस्य मिना गुरुङ्गले आर्थिक क्षेत्रमा आत्मनिर्भर नभएसम्म महिलाको उत्थान र समृद्धि नहुने बताइन् । कार्यक्रममा नेकपा एमाले जिल्ला सदस्य उमा कोइराला, क्षेत्र नं.३ का अध्यक्ष धन बहादुर नेपाली, वडा नं.५ का अध्यक्ष विष्णु प्रसाद बराल, सुमित्रा कोइराला, गंगा कुँवर, नानुमाया खत्रीले बोलेका थिए ।

पुन:निर्माण तथा नवनिर्माण छिटो गर्नुपर्नेमा जोड

काठमाडौं १८ असोज ।

व्यवस्थापिका-संसद्अन्तर्गतको विधायन समितिको बैठकमा भूकम्प गएको छ महिना बितिसकेको हुनाले पुन:निर्माण र नवनिर्माणको काम जतिसक्टो छिटो हुनुपर्नेमा सभासद्ले जोड दिएका छन् । समितिको बैठकमा ‘भूकम्प प्रभावित संरचनाको पुन:निर्माण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक-२०७२’ माथिको छलफलमा कानुन, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्री नरहरि आचार्यले भूकम्पका कारणबाट क्षतिग्रस्त संरचनाको दिगो, दरिलो र योजनाबद्ध रुपमा यथाशीघ्र निर्माण गर्न यो विधेयक छलफलका लागि समितिमा आएको बताए ।

उनले भूकम्पबाट विस्तापित भएका व्यक्ति र परिवारको पुनर्वास तथा स्थानान्तरण गर्नुका साथै भूकम्पबाट भएको क्षतिको पुन:निर्माणका लागि प्राधिकरणको स्थापना गर्ने व्यवस्थासमेत विधेयकमा रहेको बताए । भूकम्पबाट भएको क्षतिको पुन:निर्माणका लागि स्थापना गर्ने प्राधिकरणलाई पुन:निर्माणसम्बन्धी नीति तथा योजना तयार गर्न परामर्श दिन प्रधानमन्त्रीको अध्यक्षता मा पुन:निर्माण परामर्श राष्ट्रिय परिषद् गठन हुने व्यवस्थासमेत विधेयकमा गरिएको छ । बैठकमा सभासद् भरतमोहन अधिकारी, सुशीलकुमार श्रेष्ठ, जनकराज जोशी, कृष्णभक्त पोखरेल, गङ्गालाल तुलाधार, अग्नि सापकोटा, रेवतीरमण भण्डारी, सीता गिरी ओलीलगायतले भूकम्पका कारण क्षति भएको संरचनाको पुन:निर्माण तथा नवनिर्माणका लागि पाँच वर्षभित्र सक्ने भनेर दातृ निकाय समक्षसमेत जानकारी दिइसकेको हुनाले जतिसक्दो छिटो यो विधेयक छलफल अगाडि बढाउनुपर्नेमा जोड दिए ।

सो विधेयक पारित गर्न सहमति नभएपछि व्यवस्थापिका-संसद्ले यही असोज २ गते विस्तृत रुपमा छलफलका लागि विधायन समितिमा पठाएको थियो । रासस

नेपाल पुस्तक तथा स्टेशनरीमा सल्लाहकार चयन

गोल्डेन न्यूज संवाददाता
पोखरा १८ असोज ।

नेपाल पुस्तक तथा स्टेशनरी व्यवसायी महासंघ कास्कीका नवनिर्वाचित अध्यक्ष शिवराज वाँस्तोलाको अध्यक्षतामा बसेको कार्यसमितिको पहिलो बैठकले कार्यसमिति बिस्तार गरेको छ । बैठकले महासघको वरिष्ठ सल्हाकारमा प्रेम बहादुर श्रेष्ठलाई मनोनयन गरेको छ भने सल्हाकारहरुमा गोपाल ध्वजु, देवकृष्ण काफ्ले, र ऋषीराम शर्मा भण्डारीलाई मनोनयन गरेको छ । त्यसैगरी महासघको प्रेस सयोजकमा मनोहरी पौडेललाई र कार्यसमिती सदस्यमा गोविन्द गौतम र पुरुषोत्तमराज भण्डारीलाई मनोनयन गरेको छ ।

नेपाल पुस्तक तथा स्टेशनरी व्यवसायी महासंघ कास्कीका सचिव वैकुण्ठ पौडेलले सन्चालन गरेको कार्यक्रममा नेपाल पुस्तक तथा स्टेशनरी व्यवसायी महासंघ कास्कीका अध्यक्ष शिवराज वाँस्तोला, निर्वतमान अध्यक्ष जगदीश गौतम, महासंघका प्रथम उपाध्यक्ष विष्णुप्रसाद शर्मा (के.पी), द्धितिय उपाध्यक्ष मोहन प्रसाद सापकोटा लगाएतले आफ्नो आफ्नो भनाइ राखेका थिए । नवनिर्वचित कार्यसमितिले पुरानो कार्यसमितिलाई धन्यवाद दिदै आगामी दिनहरुमा पनि सयोग तथा सल्लाहको अपेक्षा गरेको छ भने नेपाल पुस्तक तथा स्टेशनरी व्यवसायी महासंघ कास्कीका साथीहरु विच विजया दशमी तथा दिपावलीको उपलक्षयमा असोज ३० गते शुभकामना आदान प्रदान कार्यक्रम राखेको छ ।

पार्लर विक्रीमा

पोखराको विन्ध्यवासिनी स्थित अत्यन्त चालु अवस्थामा रहेको एक व्युटी पार्लर विशेष कारणवश विक्रीमा रहेको छ । ईच्छुक व्यक्तिले तुरुन्त सम्पर्क गर्नुहोला ।

सम्पर्क:
९८४६११५२३७
९८१७१११४०४

घर/फ्ल्याट भाडामा

होस्टेल, INGO, NGO
अफिसका साथै आवासका
लागि उपयुक्त
ओम हस्पिटलको अगाडि
महेन्द्रपुल, पोखरा

सम्पर्क:
०६१-५२३१६२
९८४६०७९२४१

तमुवान संयुक्त संघर्ष समितिको आन्दोलनको समिक्षा

गोल्डेन न्यूज संवाददाता
पोखरा १८ असोज ।

पहिचान सहितको संघीयता, तमुवानसहितको संविधानको माग राख्दै आन्दोलित तमुवान संयुक्त संघर्ष समितिले आफ्नो एक महिने आन्दोलनको सोमबार समिक्षा गरेको छ । गत भदौं १७ गते पोखरा ९ नयाँबजारस्थित तमु धिं नेपालको सभाहलमा आयोजित तमुवान प्रादेशिक भेलाद्धारा गठित तमुवान संयुक्त संघर्ष समितिले तीन चरणको एक महिने कार्यक्रमको आन्दोलनका अगुवाहरुले समिक्षा गर्दै आन्दोलन क्रमिक रुपले उपलब्धिमुलक हुदै गएको निष्कर्ष निकालेको छ । तमुवान आन्दोलनको समिक्षा गर्दै सहभागीहरुले तमुवान प्राप्ति आन्दोलन विरोधीको पहिचान भईसकेको र तमुवानको अधिकारमुखी आन्दोलनमा सबैको साथ सहयोगको आग्रह आग्रह गर्ने निर्णय गरेको छ । खास गरी तमु, आदिवासी जनजाति, विगतदेखि विभेद सहदै आएकाहरु र आम तमुवानबासीलाई पहिचान, अधिकार र अस्तित्वको तमुवानी आन्दोलन सक्रिय सहभागीताका लागि बैठकले आव्हान गरेको छ ।

संघर्ष समितिका संयोजक हुमबहादुर गुरुङले तमुवानको अधिकारमुखी आन्दोलनमा सबैको साथ सहयोगको आग्रह गर्दछौं भन्दै तमु लगायत आदिवासी जनजातिहरु आन्दोलनमै सक्रिय सहभागीता हुन नसक्ने बाध्यात्मक अवस्थामा रहेमा विरोध नगर्न सचेत गरे । यदि तमुवानको विरुद्धमा तमु वा आदिवासी जनजाति कोही सक्रिय हुन्छन भने त्यसको परिणामको जिम्मेवारी उनीहरुले नै लिनुपर्ने चेतावनी समितिको तर्फबाट संयोजक गुरुङले दिए । तमुवानको आन्दोलनका विरुद्ध तमुवानको राजधानी पोखरामा केही तथाकथित नेता भनाउदाहरु धाउने र षडयन्त्र गरिरहेकाले उनीहरुलाई सकर्तक रहन बैठकले चेतावनी दिएको छ ।

संघर्ष समितिले पहिलो चरणको कार्यक्रममा तमुवान जनजागरण अभियानसहित लखनचोकमा सडक धर्ना सभा, दोश्रो चरणमा प्रधानमन्त्री र संविधानसभाका सभाध्यक्षलाई ज्ञापनपत्र पठाउने, तमुवानको झण्डा फहराउने, जिल्ला प्रसासन कार्यालयमा दुइ घण्टा धर्ना, सिस्नोपानी जुलुस, अधिकार विहिन संविधान जारी हुन लागेको भन्दै तमु संस्कार अनुसार शव यात्रासहित अन्त्येष्टि, कालो संविधान विरुद्ध मसाल जुलुस र संविधान जलाउने, कालो संविधान खारेजीको माग राख्दै तमुवान प्रदेश बन्द लगायतका आन्दोलनको कार्यक्रम सम्पन्न गरेको छ ।

यसरी नै तेश्रो चरणको आन्दोलनको कार्यक्रम अर्न्तगत क्षेत्रीय आन्दोलन समिति गठन र प्रशिक्षणहरु, असोज १४ गतेदेखि १७ गतेसम्म लखनचोकदेखि लेखनाथ गगनगौडा पावर हाउससम्म तमुवान राजमार्ग यात्रा सम्पन्न गरेको छ ।

कार्यक्रममा सहभागी आन्दोलनका अगुवाहरुले आन्दोलन विना तमुवान, पहिचान र अधिकार प्राप्ति नहुने भन्दै सशक्त आन्दोलन गर्नुपर्नेमा जोड दिएका थिए । चौथो चरणको आन्दोलनका कार्यक्रमको तयारी सहित एकमहिने आन्दोलनको समिक्षा बैठकका सहभागीहरुले संगठन निर्माण, समन्वय, सहकार्य, प्रशिक्षण सचेतना, जनकारवाही सहित बृहत सडक कार्यक्रम गर्ने सुझावहरु दिएको संघर्ष समितिका सचिव गजेन्द्र सुब्बाले जानकारी दिए । बैठक तमुवान संयुक्त संघर्ष समिति तमुवान प्रदेशका संयोजक हुमबहादुर गुरुङको अध्यक्षतामा सम्पन्न भएको थियो ।

फ्याफुल्ला विकल्प सहकारीको साधारणसभा

गोल्डेन न्यूज संवाददाता
पोखरा १८ असोज ।

महिलाहरुद्वारा स्थापित एवं संचालित पोखरा १३ संगमटोल स्थित फ्याफुल्ला विकल्प महिला वचत तथा ऋण सहकारी संस्थाको चौंथो वार्षिक साधारणसभा सम्पन्न भएको छ । तामाङ बौद्ध सेवा समितिको सभाहलमा आयोजित कार्यक्रमको, प्रमुख अतिथि जिल्ला सहकारी संघ कास्कीका अध्यक्ष रविरमण तिवारीले दीप प्रज्वलन गरी उद्घाटन गरेका थिए । साधारणसभामा सरकारीका वालबचतमा प्रथम सुशान्त गुरुङ, द्वितीय टेक तामाङ र तृतीय विनीता तामाङ र उत्कृष्ट ऐच्छिक बचतकर्ता सुकमाया तामाङ सम्मान गरिएको थियो । साधारणसभामा सहकारीका सचिव पवित्रा तामाङले पेस गरेको वार्षिक प्रगति प्रतिवेदन र कोषाध्यक्ष बुद्धिमाया तामाङद्वारा प्रस्तुत आर्थिक प्रतिवेदन पारित गरिएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि रविरमण तिवारीले महिलाहरुबाट मात्रै सञ्चालित सहकारीले चौथो वार्षिक साधारणसभामा आउँदा सहकारीताको उदाहरण प्रस्तुत गरेको भन्दै प्रसंसा गरे । उनले शेयर सदस्य, समाज र राष्ट्र आर्थिक सामाजिक विकासका लागि सहकारीको महत्वपूर्ण भूमिका रहेको बताउँदै फ्याफुल्ला विकल्प महिला सहकारी आफ्ना सदस्यहरुको साँचो अभिभावक बनेको बताए ।

फ्याफुल्ला विकल्प महिला वचत तथा ऋण सहकारी संस्थाकी अध्यक्ष विष्णु तामाङको अध्यक्षतामा सम्पन्न साधारण सभामा लेखा परीक्षक ज्ञान बहादुर कार्की, तामाङ घेदुङको प्रमुख सल्लाहकार दीपक वाईबा तामाङ, तामाङ बौद्ध सेवा समितिका निवर्तमान अध्यक्ष टेकबहादुर तामाङ, वर्तमान अध्यक्ष केशबहादुर थिङ, तामाङ बौद्ध महिला समितिका अध्यक्ष बेलमाया तामाङ, योसरी तामाङ, शेयर सदस्यहरुको तर्फबाट मिनमाया तामाङ, विकल्प ज्ञान तथा विकास केन्द्रका सहजकर्ता यशबहादुर गुरुङ लगायतले मन्तव्य व्यक्त गर्दै फ्याफुल्ला विकल्प महिला वचत तथा ऋण सहकारी संस्था शेयर सदस्यहरुको सहारा बनेकोमा जोड दिएका थिए ।

साधारणसभामा उपाध्यक्ष शान्ति तामाङले स्वागत मन्तव्य व्यक्त गरेका थिए भने कार्यक्रम संचालन सचिव पवित्रा तामाङले गरेका थिए ।

सूर्यमुखी तमु समाज लेखनाथको अध्यक्षमा गुरुङ

गोल्डेन न्यूज संवाददाता
पोखरा १८ असोज ।

सूर्यमुखी तमु समाज लेखनाथ १ र १२को १९औं साधारण सभाले आगामी कार्यकालका लागि दलबहादुर गुरुङको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको छ । सर्वसम्वत रुपमा चयन भएको समितिको उपाध्यक्षमा हस्तबहादुर बहादुर गुरुङ, सचिवमा तीर्थबहादुर गुरुङ, सह-सचिवमा कृष्ण बहादुर गुरुङ र कोषाध्यक्षमा भीमहादुर गुरुङ रहेका छन् भने समितिको सदस्यमा लोकबहादुर गुरुङ,रामबहादुर गुरुङ, भीमबहादुर गुरुङ, ओमबहादुर गुरुङ,बेलबहादुर गुरुङ र सिङबहादुर गुरुङ रहेका छन् । यसैगरि समितिको वरिष्ट सल्लाहाकारमा क्याप्टेन प्रेम बहादुर गुरुङ र सल्लाहकारमा केहरसिङ गुरुङ, डालसिङ गुरुङ,धनबहादुर गुरुङ र सुबेदार कृष्णबहादुर गुरुङलाई चयन गरिएको छ ।

यसअघि कार्यक्रमको उद्घाटन गर्दै बृटिस गोर्खा ईन्जिनियर बुद्धिबहादुर गुरुङले समाजिक विकासका लागि हातेमालो गरेर आगाडि बढ्नु पर्ने शुभकामना दिदै समाजको विकासमा भूपू सेनाहरुले आफनो जागिरे जीवनमा सिकेका कुरालाई ब्यवहारमा उतार्दै सबैको सुख र दु:खमा साथ दिदै अगाडि बढ्नु पर्नेमा जोड दिएका थिए ।

समाजका अध्यक्ष सुबेदार कृष्णबहादुर गुरुङको अध्यक्षतमा भएको सो कार्यक्रममा युवा समितिका अध्यक्ष मनोज गुरुङ, समाजका सचिव वीरबहादुर गुरुङ र कोषाध्यक्ष कमलबहादुर गुरुङले समाजको विकासका लागि युवा पिंढी र महिलाहरुलाई सक्रिय बनाउनुपर्ने धारणा राख्दै युवा र महिला लक्षित कार्यक्रमहरु ल्याउनु पर्ने सुझाव राखेका थिए ।

सोही अवसरमा समाजका वयोबृद्ध जेष्ठ नागरिक पृथ्वी बहादुर गुरुङ र डिल्लीसरा गुरुङलाई सम्मान गरिएको थियो ।

गुरुङको निधनप्रति शोक प्रस्ताव पारित

गोल्डेन न्यूज संवाददाता
पोखरा १८ असोज ।

राप्रपा नेपालका महामन्त्री चन्द्रबहादुर गुरुङको निधनप्रति लेखनाथ नगर समितिले शोक प्रस्ताव पारित गर्दै समवेदना प्रकट गरेको छ । राप्रपा नेपाल लेखनाथ नगर समितिका अध्यक्ष हरिबहादुर जिसीद्वारा हस्ताक्षरित शोक विज्ञप्तिमा शनिबार राति उपचारको क्रममा अमेरिकाको कोलोराडोमा ६१ बर्षको उमेरमा निधन भएका गुरुङको निधनले सिङ पाटीलाई अपुरणीय क्षति पुगेको भन्दै गुरुङको निधन प्रति गहिरो दु:ख ब्यक्त गर्दै एक हप्तसम्म पार्टी कार्यालयको झण्डा आधा झुकाउने र एक हप्ता सम्म पाटीका कुनै पनि कार्यक्रमहरु नगर्ने विज्ञप्तिमा जनाईएको छ ।

जिल्ला सचिव अर्जुन बहादुर बस्नेतको विशेष उपस्थिति रहेको बैठकले अमर आत्माको चिरशान्तिको कामना गर्दै शोकाकुल परिवारमा समवेदना समेत प्रकट गरेको छ ।

टान निर्वाचनमा दुई सङ्गठनको नयाँ गठबन्धन

काठमाडौं १८ असोज ।

ट्रेकिङ एजेन्टस् एसोसिएसन अफ नेपाल (टान)को आगामी निर्वाचनका लागि दुई पर्यटन व्यवसायी सङ्गठनबीच सहकार्य हुने भएको छ । नेपाली काँग्रेस निकट राष्ट्रिय पर्यटन व्यवसायी सङ्घ नेपाल (निट(नेपाल) र एकीकृत (माओवादी) निकट नेपाल पर्यटन व्यवसायी मञ्चबीच नयाँ गठबन्धन बनेको हो ।

दुवै सङ्गठन को सहमति अनुसार मञ्चका तर्फबाट टानको अध्यक्षका लागि उम्मेदवारी दिनुभएका सागर पाण्डेको नेतृत्वमा टिम बनाएर निर्वाचनमा जाने भएका छन् । तद्अनुरुप टानको अध्यक्ष र द्वितीय उपाध्यक्ष र आधाजस्तो सदस्य मञ्चलाई र त्यसबाहेकका सबै पदाधिकारी र सदस्य निट-नेपालको हुने गरी भागबन्डा गरिएको छ ।

यही असोज २८ गते हुने टानको निर्वाचनका लागि अध्यक्षमा सागर पाण्डे, वरिष्ठ उपाध्यक्षमा निमा शेर्पा, प्रथम उपाध्यक्षमा विद्या हिराचन, द्वितीय उपाध्यक्षमा ऋषि नेपाल र महासचिवमा पासाङ शेर्पा, कोषाध्यक्षमा लीलाबल्लभ दाहाल र सहकोषाध्यक्षमा शङ्कर पाण्डेले उम्मेद्वारी घोषणा गरेका छन् । टिम निर्माणमा राजनीतिसँग सरोकार राख्ने समूह लागि परेपनि परिणाममा यसले नितान्त व्यावसायिकता प्रधान उम्मेदवारलाई प्रत्यासी बनाउने प्रयास गरिने निट-नेपालका अध्यक्ष दीपक महतले जानकारी दिए । समग्रमा यो व्यवसाय केन्द्रित समावेशी समूह भएको र जातीय, भौगोलिक, लैङ्गिक हिसाबले पनि सशक्त भएकाले नेतृत्व आफूहरुले जित्ने उनले दाबी गरे । अध्यक्षका प्रत्यासी सागर पाण्डेले समसामयिक चुनौती सामना गरी दीर्घकालीन योजना ल्याउने योजनाका साथ व्यावसायिक नेतृत्व आएकाले निर्वाचन जित्ने विश्वास व्यक्त गरे ।

कुल एक हजार मतदाता रहेको टानमा ५५० मत आफ्नो पक्षमा आउने नयाँ गठबन्धन टिमको दाबी छ । तर पर्यटक मजदुरको पक्कड भएको चन्द्रप्रसाद रिजाल समूह पनि निकै दरिलो टिम मानिएको छ । रासस

चलचित्र प्रदर्शन

गोल्डेन न्यूज संवाददाता
पोखरा १८ असोज ।

गुञ्ज गुरुङद्वारा निर्देशित गुरुङ चलचित्र पर्यटकीय एवं ऐतिहासिक गुरुङ गाँउ सिक्लेसमा समीडी प्रदर्शन गरिएको छ । पर्यटकीय गाँउ घान्द्रुकदेखि अन्नपूर्ण आधार शिविर क्षेत्रमा छायांकन गरिएको सन्देशमुलक चलचित्रको पोखरा र घान्द्रुकको प्रदर्शन पश्चात सिक्लेसमा दुई दिन प्रर्दशन गरिएको हो । गुरुङ गाउँहरुमा गुरुङ चलचित्र बजारीकरणका साथै प्रदर्शन गर्न आवाश्यकता महसुस गरी प्रदर्शित समीडीका दर्शकहरुले चलचित्र अत्यन्तै गुणस्तरीय, सबैको भावना छुने र यथार्थतालाई समेटेर निर्माण गरिएको प्रतिक्रिया दिएका थिए । सुनिल गुरुङद्वारा निर्मित, कलाकारहरु सुमित गुरुङ, साजन गुरुङ, समिता गुरुङ, नेत्र गुरुङ, बलबहादुर गुरुङ, कुबीना गुरुङ, रामकाजी गुरुङ, रक्षा गुरुङ लगायतले अभिनय गरेको चलचित्रको प्रदर्शन टोलीलाई सिक्लेस आमा समूहले फूलमाला सहित स्वागत गरिएको थियो । चलचित्र प्रदर्शनका लागि स्थानिय सिक्लेस युवा क्लवको साथ सहयोगका साथै सिक्लेस आमा समुहको अत्यन्तै माया पाएको निर्देशक गुञ्ज गुरुङले बताए । यसरी नै गाँउ गाँउमा गुरुङ चलचित्रहरुलाई प्रदर्शन गर्न सकेमा नै गुरुङ फिल्म एशोसिएशन नेपाल (जिफान) को सबैको मनभित्र गुरुङ चलचित्र भन्ने नाराले सार्थकता पाउने विश्वास गर्न सक्नेछ ।

सशस्त्र प्रहरीको सरसफाई अभियान

पोखरा १८ असोज ।

विजयादशमी पर्व नजिकिँदै जाँदा मालेपाटनस्थित सशस्त्र प्रहरी बल कालिकागणले पोखरामा सरसफाइ अभियान सुरु गरेको छ । गण प्रमुख प्रहरी उपरीक्षक फणिन्द्र पौडेलले सरसफाइ अभियानको सुरुवात मालेपाटनस्थित चिल्ड्रेन पार्कबाट गरिएको बताए । उनले यस अभियानमा मालेपाटन क्षेत्र लगायत पोखरा नगरका विभिन्न मठमन्दिर परिसरमा पनि सरसफाइ गरिने बताए । यो कार्यक्रम दशै पर्व नसकिँदासम्म जारी रहने छ ।

सरसफाइ अभियानको पहिलो दिन मंगलबार चिल्ड्रेन पार्क वरपर सरसफाइ गरिएको छ । प्रहरी निरीक्षक उमेश कार्कीको नेतृत्वमा भएको सरसफाइमा ४० जना प्रहरी खटिएका थिए । स्थानीयको माग बमोजिम विभिन्न टोली बनाएर सरसफाइ गरिने पौडेलले बताए । सशस्त्र प्रहरी र जनताबीच आपसी सम्बन्ध सुमधुर बनाउनका लागि पनि यस्ता अभियान सार्थक हुने प्रहरी उपरीक्षक फणिन्द्र पौडेलले बताए । सशस्त्र प्रहरीले स्थानीयको सहकार्यमा विगतदेखि मठ मन्दिरमा सरसफाइ गर्नुका साथै दशैमा खुला स्थानमा पिङ बनाएर सँस्कृति जोगाउने काम गर्दै आएको छ ।

कालिकामा स्वागत

गोल्डेन न्यूज संवाददाता
पोखरा १८ असोज ।

कालिका बहुमुखी क्याम्पस काजीपोखरीमा कक्षा १२ मा अध्यनरत विद्यार्थीहरुले सम्मान तथा स्वागत कार्यक्रम सम्पन्न गरेका छन् । विद्यार्थी सुस्मिता कार्कीको अध्यक्षतामा सम्पन्न सो कार्यक्रमका प्रमुख अतिथि क्याम्पस सञ्चालक समितिका उपाध्यक्ष सन्तबहादुर गुरुङले विद्यार्थीले रचनात्मक कार्यमा ध्यान दिनुपर्ने बताए । क्याम्पस प्रमुख बालकृष्ण शर्मा विशेष अतिथि रहेको कार्यक्रमको सञ्चालन कक्षा १२ मा अध्यनरत विद्यार्थी रिमा गुरुङ र रितेश जिसीले गरेका थिए भने स्वागत मन्तव्य विद्यार्थी मिलन गुरुङ र राजेश थारुले दिएका थिए ।

खुशीको खबर !

के तपाईंलाई लागोभागो भई छेदभेद गर्दै हुनुहुन्छ ? चिन्ता नगर्नुहोस्, अकलाको गउडो पार लगाउने देवी हुनुहुन्छ । साथै ढाड दुखेको, वाथ, शुक्री, बाँझोपन हटाउने ग्याष्ट्रिक,रक्सी छुटाउने औषधि समेत पाइन्छ । *महिनावारी भएको ७ दिन र जूठो परेको १ वर्षपछिमात्र आउने ।*
अकलादेवी चढेकी अधिकारी (मिरुवाचोक प्रतिक्षालय नजिक)
वडा नं. २ घर नं. २ । सम्पर्क : ९८४६२८५९५९

जीवन के.सी. मो. ९८५६०-३८०६६ ९८०६६-४०६८५
पञ्चमुखी लक्ष्मी सप्लायर्स
हवेलीमार्ग, काजीपोखरी पोखरा-१८
विवाह, ब्रतबन्ध, भोज तथा अन्य कुनै कार्यको लागि सफा खानेपानी चाहिएमा हामीलाई सम्झनुहोस् ।

अमेरिकन डेम्लोम्याटिक सेक्युरिटी तालिमको अवसर
१. State department एवं अन्य देशहरुबाट सेक्युरिटी तालिम प्राप्त, धेरै देशहरुमा सेक्युरिटी सुपर भाइजरका साथै सेक्युरिटी कन्सल्टेन्टमा काम गरेर अनुभव बटुल्नुभएका दक्ष, अनुभवी प्रशिक्षकबाट प्रशिक्षण गराइने ।
२. Dubai को DPS आवुधावीको PSBD कतारको Grup4 मकाउ, बहराइन, मलेसिया एवं Europe, America का deplometic Security तालिम छुट्टा-छुट्टै दिइने ।
३. व्यवहारिक एवं सैद्धान्तिक ज्ञान पूर्णरुपमा हासिल गराउने ।
४. शान्त वातावरणमा फराकिलो Classroom मा Securrity गार्डको Theory & Practical गराइने ।
५. अंग्रेजी भाषा सिकाउनुका साथै अंग्रेजी बोल्न सक्ने बनाउने ।
६. Interview का लागि तयारी बनाउने ।
७. तालिम पश्चात विदेश जानका लागि सर्टिफिकेट उपलव्ध गराइने ।
८. विदेश जान ईच्छुक हुनुहुने दाजुभाई तथा दिदीबहिनीहरुलाई परामर्श तथा प्रशिक्षण दिइने ।
९. नेपालमै विभिन्न संघसंस्था वित्तीय क्षेत्र बैंक, कलकारखाना, उद्योग, कलेज, स्कूल, हस्पिटलहरु आदि इत्यादि ठाउँहरुमा सेक्युरिटी गार्ड उपलव्ध गराइने ।
आर्मर ग्रुप सेक्युरिटी एण्ड सप्लायर प्रा.लि.
सम्पर्क : ९८४६३५५३४२ (डिसी अर्याल), ९८५६०२३८६२ (जितबहादुर) ९८०६७०८२४६, ९८०६७०८२४७, ०६१-५३०७२४ (अफिस)
(पृथ्वीचोकबाट १०० मिटर तल, एयरपोर्ट जाने बाटोमा, मुक्तिनाथ विकास बैंकको ठीक अगाडि, पोखरा विजनेश कम्प्लेक्सको दोस्रो तला)

विदेश जानेहरूका लागि सुवर्ण अवसर
Macow, Abudabi को Spark, Middle East, Star र Al Jaber Coin दुवई र कतारको Grup-4 Security कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।
हाम्रा विशेषताहरू :- अन्तर्वार्ता धमाधम भइरहेको छ ।
❖शतप्रतिशत उत्तीर्ण गराउन सफल ❖आफ्नै मेनपावर कम्पनीबाट प्रोशेस गराईने ।
❖१ वर्षमा ३ सय भन्दा बढी सेक्यूरिटी गार्डमा पास गराउन सफल
सम्पर्क | **फेवा सेक्यूरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.**
पृथ्वीचोकबाट १०० मिटर तल (एयरपोर्ट जाने बाटो)
मुक्तिनाथ विकास बैंकको अगाडि, पोखरा विजनेश कम्प्लेक्स सटर नं. ३०,
फोन:०६१-५५०२५२, मो. ९८४६०-४१४९२

प्रो. वद्री के.सी. : ९८५६०२९८४६
प्रो. गोपाल बहादुर कार्का : ९८५६०३१८७२
प्रो. राजेश के.सी. : ९८५६०३७३१७
ईन्द्रेणी क्याटरिङ एण्ड पार्टी प्यालेस
चापापानीमार्ग, पोखरा-१२, फोन : ०६१-५२५६४६, ५२७३०४
शुभ-विवाह, जन्मोत्सव, अन्नप्राशन, व्रतवन्ध, पिकानक, सेमिनार तथा अन्य कुनैपनि कार्यक्रमका लागि टेण्ट, लाइट, डेकोरेशन एवं फुल तथा हाफ क्याटरिङका साथै कुक चाहिएमा हामीलाई सम्झनुहोस् ।
(हामीकहाँ २०० गाडी अटाउने पार्किङ पनि छ ।)

अनेक समस्या सफल उपचार
ग्याष्ट्रिक: खाना रुचि नहुने, अमिलो पानी आउने, झुसिल ढकार आउने जस्तो सुकै पुरानो ग्याष्ट्रिकको सफल उपचार ।
यौन समस्या:- सिघ्र स्खलन, उत्तेजना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष जस्तो सुकै यौन समस्याको सफल उपचार ।
महिला सम्वन्धि समस्या
महिनामारी गडबढी, सेतोपानी बग्ने, योनी चिलाउने, तल्लो पेट ढाड कम्मर दुख्ने, पेट तथा छातीमा भएको सेतो धर्सा हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाईट गर्ने, यौन चाहानामा कमी हुने जस्तो सुकै समस्याको आयुर्वेदिक पद्धतिबाट सफल उपचार ।
जाँड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने
सुन्दरता:- कालो चायाँ पोतो, डण्डिफोर, दाग धब्बा, मखिया, कोठी, चाउरिपन हटाई पुरै शरिर गोरो बनाउने ।
दुब्लो पातलो शरिरको तौल बढाउने साथै मोटो पन घटाउने ।
थप उपचार:- प्रेसर, सुगर, जण्डिस, पिनास, पाइल्स, दम साथै बाथ, ढाड कम्मर, हाड जोर्नी पुरै शरिर दु:खाइ ठिक पार्ने मसाज तेल ।
शितल आयुर्वेद फर्मा
पृथ्वीचोक, पोखरा, मुक्तिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र
फ्रि होम डेलिभरि
फोन नं.०६१-५३१८६७, ०६-१२२९९९८, मो. ९८४६१३७४१८

सस्तोमा जहाज टिकट
सस्तोमा राष्ट्रिय, अन्तर्राष्ट्रिय हवाईजहाज टिकट तथा टुरिष्ट बस टिकट चाहिएमा साथै विदेशमा सामान पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
World Int'l Travels & Tours Pvt. Ltd.
Newroad, Darbarthok Marga, Pokhara-9
Ph: 061-523753, 526409, 9856032747

Study in Japan
Intake for January & April-2016
City of your choice
Tokyo | Chiba | Nagoya | Fukuoko | Sendai | Osaka | Okinawa | Gunma ken & many more ...
& China
Dalian | Nantong
Free Processing for Master, Bachelor & +2 First Divison Students*
1. SLC मा उत्तिर्णले apply गर्न सकिने
2. Part Time Job ग्यारेन्टी
3. Work Visa मा Change गर्न मिल्ने
4. विश्वविद्यालय जान सकिने
5. NAT & JLPT Not required
6. IT Job-Guaranteed Course for IT bachelor Students
Contact: WE MAKE YOUR FUTURE BRIGHT
MIRAI INTERNATIONAL EDUCATIONAL CONSULTANCY
Mahendrapool, Bastholathar (Medicalline), Pokhara
061-520113, 9856046980, 9846646980
miraiinternational.edu.cons@gmail.com

पोखरामा पहिलो पटक
यौनबर्द्धक : लिङ्गको साइज, पावर बढाउन, शिघ्र स्खलन रोक्न, विश्व विख्यात हर्बल सप्लिमेन्ट उपकरण, मसाज तेल (महिला पुरुष दुबैको लागि)
स्तन बढाउन, घटाउन, टाइट गर्न, गुप्ताङ्ग कसिलो बनाउन, पेटको चिरा हटाउन।
केश झर्न रोकी उमार्ने तेल, Hair Building Fibers.
Cuit Face बनाउन रुप अमृत (Inddian), Fair Look
उचाई बढाउन Step Up, Triple Height
तौल बढाउन (B.D.P) Body Buildo घटाउन (More Slim)
थाहै नदिई जाँड रक्सी चुरोट, खैनी, गाँजा तथा ड्रग्स छुटाउन।
ढाँड तथा जोर्नी दुखाई ठिक पार्न, सन्धी सुधा पेनलिल।
अब Facebook मा www.facebook.com/Pokhara Herbal Home
पोखरा हर्बल होम्स
(भाटभटेनीको ठिक अगाडि) न्यूरोड, पोखरा
061-539070, 9856035331, 9804122919
फ्रि होम डेलिभरी

पोखराको बाटुलेचौरमा रहेको अन्नपूर्ण आत्मनिर्भर बालआश्रमका बालबालिकासँग जन्म दिन मनाउँदै गायक सिताराम पोखेलको साथमा रासस बोर्ड सदस्य एवं गोल्डेन न्यूज दैनिकका प्रधान सम्पादक गंगाधर पराजुली र पोखरा एफएमका स्टेशन म्यानेजर सञ्जय मल्लका साथै बालबालिकाहरु । तस्वीर माधव बराल

राष्ट्रिय...

सहमति गर्दा नेकपा (एमाले)को नेतृत्वमा राष्ट्रिय सहमतिको सरकार गठन गर्ने समझदारी भएको धारणा राख्नुभएको उपाध्यक्ष श्रेष्ठले जानकारी दिए । बैठकमा काँग्रेसका सभापति सुशील कोइराला, उपसभापति रामचन्द्र पौडेल, वरिष्ठ नेता शेरबहादुर देउवा, प्रमुख सचेतक चीनकाजी श्रेष्ठ, नेकपा(एमाले)का केपी शर्मा ओली, उपाध्यक्षद्वय विद्यादेवी भण्डारी र वामदेव गौतम, वरिष्ठ नेता माधवकुमार नेपाल, एमाओवादीका अध्यक्ष पुष्पकमल दाहाल, उपाध्यक्ष नारायणकाजी श्रेष्ठको उपस्थिति रहेको थियो । यस्तै संसद्मा प्रतिनिधित्व गर्ने १८ दलका नेताको सहभागिता रहेको थियो ।

यसैबीच नयाँ सरकार गठनका समयमा प्रमुख तीन दलको सहयात्रा नतोड्न मानवअधिकारकर्मी तथा नागरिक क्षेत्रका अगुवाले संयुक्त रुपमा आग्रह गरेका छन् । नागरिक अगुवा सुशील प्याकुरेल, कनकमणि दीक्षित, चरण प्रसाईं, कपिल श्रेष्ठले विज्ञप्ति प्रकाशन गरी मुलुकले नयाँ संविधान पाएको अवस्थामा संविधान बनाउन मुख्य भूमिका बनाउने नेपाली काँग्रेस, नेकपा (एमाले) र एमाओवादीका सहकार्य आगामी सरकार निर्माण र संविधानको कार्यान्वयनमा पनि हुनुपर्नेमा जोड दिएका हुन् । रासस

लोकतान्त्रिक खेलकुद संघ कास्कीमा बस्नेत

गोल्डेन न्यूज संवाददाता
पोखरा १८ असोज ।

नेपाल लोकतान्त्रिक खेलकुद संघले आफ्नो जिल्ला विस्तार गर्ने क्रममा थप ९ जिल्लालाई अनुमोदन गरेकोछ । अनुमोदित जिल्ला मध्ये ओम बस्नेतको अध्यक्षतामा कास्कीमा जिल्ला कार्यसमिति गठन गरिएको छ ।

त्यस्तै सचिवमा प्रकाश बराललाई चयन गरिएको छ । यस्तै अनुमोदित अन्य जिल्लाहरुमा कालिकोट जिल्लाको अध्यक्षमा जीवनबहादुर शाही र सचिवमा रंजन शाही, झापाको अध्यक्षमा गौरव (मनोज) सुब्बा र सचिवमा युवराज खड्का, मोरङ्गको अध्यक्षमा खड्गबहादुर श्रेष्ठ र सचिवमा डिल्लिराम डाँगी, मुगुको अध्यक्षमा कविन्द्र मल्ल र सचिवमा लोकेन्द्र कार्की, जुम्लाको अध्यक्षमा नृपराज भारती र सचिवमा तोरण सिंह कठायत, इलामको अध्यक्षमा महेश कुमार श्रेष्ठ र सविचमा राजकुमार मुखिया, सप्तरीको अध्यक्षमा राजकुमार दाश र सचिवमा प्रकृत कोईराला तथा धनकुटाको अध्यक्षमा शम्भु प्रधान र सचिवमा बिदुर खवासलाई कार्यभार प्रदान गरिएको नेपाल लोकतान्त्रिक खेलकुद संघका सचिव सुवोध प्रधानले जनाएका छन । यस ९ जिल्लाको अनुमोदनका साथै नेपाल लोकतान्त्रिक खेलकूद संघको जिल्ला संघ गठनको संख्या २६ पुगेको छ । यस अघि १७ जिल्ला संघ गठन भई सकेको छ । 'हामी अव दशैं र तिहारको समाप्ति संगै पुरै जिल्लाको संघ गठनलाई पूर्णता प्रदान गरि छिटैनै संघको अधिवेशनको तयारीमा रहेकाछौं ।' केन्द्रिय अध्यक्ष शेरचनले जानकारी गराए ।

शनिबार नेपाली काँग्रेसद्वारा राष्ट्रिय खेलकुद परिषद बोर्ड सदस्यमा नियुक्त भएका सदस्यहरुको शुभकामना सम्मान तथा स्वागत कार्यक्रममा केन्द्रिय सदस्य, माननिय सांसद एवं केन्द्रिय खेलकुद विभाग प्रमुखले जिल्ला गठनलाई प्रार्थमिकतामा राखेर अगाडी बढ्न दिएको निदेशनलाई पालन गर्ने कार्य स्वरुप थप जिल्लालाई लोकतान्त्रिक खेलकुद संघले अनुमोदन गरेको हो ।

घान्द्रुक जाने पदमार्ग निर्माण कार्य सुरु

गोल्डेन न्यूज संवाददाता
पोखरा १८ असोज ।

म्याग्दीको प्रमुख पर्यटकीय स्थल घोडेपानीदेखि कास्कीको घान्द्रुक जाने पदमार्ग निर्माण गर्न सुरु गरिएको छ । भिरालो पहाड र जंगलबीचको बाटोमा घोडेपानीका बासिन्दाले ढुंगे सिँढी राखेर व्यवस्थित पदमार्ग बनाउन सुरु गरेका हुन् । पहिलो चरणमा घोडेपानीदेखि छ सय मिटर टाढासम्म पदमार्ग बनाउने काम सकिएको घोडेपानी होटल व्यवस्थापन समितिका अध्यक्ष जुनु पुनले जानकारी दिए । उनका अनुसार उक्त पदमार्ग निर्माण गर्न समितिको आन्तरिक कोषबाट १७ लाख रूपैयाँ खर्च भएको छ । चिप्लो बाटोमा हिँड्दै आएका पर्यटकले सिँढी निर्माण भएपछि सहज र सुरक्षित रुपमा यात्रा गर्न पाएका छन् । आगामी वर्ष पनि पदमार्ग निर्माण कार्यलाई निरन्तरता दिइने अध्यक्ष पुनले बताए । समितिको नेतृत्वमा घोडेपानीदेखि पुनहिल पुग्ने पदमार्गमा सिँढी र रेलिङ राख्ने काम ९० प्रतिशत पूरा भएको छ । यसअघि चित्रे र उल्लेरीतर्फबाट घोडेपानी प्रवेशद्वारदेखि गाउँसम्म पनि सिँढीसहितको पदमार्ग निर्माण गरिएको थियो ।

उनीहरुले गाउँ प्रवेश गर्ने चार ठाउँमा पक्की स्वागतद्वार पनि बनाइसकेका छन् । अन्नपूर्ण चक्रिय पदमार्गको प्रमुख आकर्षकस्थल मानिने घोडेपानी नजिकै रहेको पुनहिल, घना गुराँसे जङ्गल, सूर्योदय र हिमशृङ्खलाको दृष्यावलोकनका लागि प्रसिद्ध छ । हरेक वर्षको असोज, कात्तिक, चैत र वैशाख महिनामा त्यहाँ पर्यटकको घुइँचो लाग्छ । यसपालि पनि पर्यटकको चहलपहल बढ्न थाले पनि विगतको जस्तो पर्यटक नआएको घोडेपानीका होटल व्यवसायी टेकसर बुढ्जा पुनले बताए । उनका अनुसार गत वर्ष यो मौसममा दैनिक चार सयको हाराहारीमा पर्यटक भित्रने गरेका थिए । यसपालि गत वर्षको भन्दा ५० प्रतिशत कम पर्यटक आएका छन् ।

प्रथम युनेक घाचोक उत्सवको तयारी तीव्र

गोल्डेन न्यूज संवाददाता
पोखरा १८ असोज ।

कास्कीको उत्तर पश्चिममा अवस्थित घाचोक गाविसमा आउँदो कार्तिक १ देखि ४ गतेसम्म प्रथम युनेक घाचोक उत्सव-२०७२ आयोजना हुने भएको छ ।'विकसित तथा सम्मुन्नत समाज निर्माणमा युवाहरुको सहभागिता, कुरीति, कुप्रथा, विकृति, विसङ्गति विरुद्धको हाम्रो प्रतिवद्धता' भन्ने मुख्य नाराका साथ स्थानीय परिर्वतनका लागि युवा सञ्जाल (युनेक) नेपालको आयोजनामा नेपालीहरुको महान चाड विजयादशमी तथा दिपावलीको अवसरमा मेघराज निमाविको चौरमा हुने उत्सवको तयारी तीव्र पारिएको छ ।

गाउँमा पहिलोपटक आयोजना हुन लागेको उत्सवलाई सभ्य र व्यवस्थित रुपमा सञ्चालन गर्नको लागि सम्पुर्ण गाउँवासीहरु एकजुट भएर लागेका छन् । उत्सव सम्पन्न गर्नका लागि संस्थाका अध्यक्ष मौसम कार्कीको संयोजकत्वमा ८१ सदस्यीय मुल आयोजक समिति तथा प्रचार, साँस्कृतिक तथा प्रतियोगिता संचालन उप-समितिले अहिले धमाधम काम गरिरहेका छन् । पोखराबाट १७ किमिको दुरीमा रहेको रमणीय घाचोक गाउँको प्रचार-प्रसार गरि पर्यटन प्रवर्द्धन गर्नको लागि उत्सव आयोजना गरिएको आयोजक संस्थाका अध्यक्ष मौसम कार्कीले जानकारी दिए ।

उत्सवको मुख्य आकर्षणमा लोक गीत प्रतियोगिता, खुल्ला एकल नृत्य , कल्चरल ग्रुप डान्स, स्रष्टा तथा विशिष्ठ व्यक्तित्व सम्मान, खुल्ला घैंटो फुटाउने प्रतियोगिता, भेट्रान्स पुरुष रस्साकस्सी प्रतियोगिता, योग सम्वन्धी विशेष कार्यक्रम, मौलिक झाँकी प्रदर्शन, घरेलु उत्पादनहरुको प्रदर्शनी रहेका छन् । त्यसैगरी चर्चित हाँस्य कलाकारहरुको प्रस्तुति, साँस्कृतिक तथा साँगीतिक कार्यक्रम, युनेक नेपाल सामाजिक सेवा पुरस्कार उत्सवका आकर्षणको रुपमा रहेका छन् । त्यस्तै राष्ट्रिय तथा स्थानीय कलाकारहरु चोलेन्द्र पौडेल, जीवन दाहाल, रामजी पौडेल, तुलसी क्षेत्री, सिडी विजय, ज्योती लोहनी, कृष्ण गुरुङ, राजन कार्की, घनश्याम रिजाल, चन्द्रा कार्की, जय कुमार, पोखरेली धुर्मुस तथा पोखरेली माग्ने बुढा लगायतको विशेष प्रस्तुति उत्सवमा रहने छ । उत्सवलाई घाचोक गाविसको विशेष सहयोग रहेको छ । मुख्य प्रायोजक तथा अन्य प्रायोजकहरुको खोजी तथा प्रचार प्रसारको काम तीव्रताका साथ भैरहेको आयोजकको भनाई रहेको छ । उत्सवलाई पोखरा तथा देश विदेशमा रहेका घाचोकवासी तथा शभेच्छुकहरुले सक्दो सहयोग गरिरहेका छन् । उत्सवको करिब २० हजार दर्शकले अवलोकन गर्ने अपेक्षा आयोजकको रहेको छ । कार्यक्रम स्थलमा पुग्न पोखराको हरिचोक तथा जिल्ला शिक्षा कार्यालय गेट अगाडिबाट यातायात सञ्चालन हुँदै आएको छ ।

प्रगति टोल विकास संस्थाद्वारा निर्मित सडक उद्घाटन

गोल्डेन न्यूज संवाददाता
पोखरा १८ असोज ।

पोखरा ११ फूलबारी स्थित प्रगति टोल विकास संस्थाद्वारा टोलमा नवनिर्मित ३३७ मिटर लामो समता सडक शनिबार एक औपचारिक कार्यक्रमका बीच पोखरा उप-महानगरपालिकाका बरिष्ठ इन्जिनियर शारदा मोहन काफ्लेले उद्घाटन गरेका छन् ।

टोल विकास संस्थाको योजना अन्तर्गत सडक निर्माण उपभोक्ता समितिद्वारा पोखरा उप-महानगर पालिकाको १० लाख ७७ हजार र १७ लाख २३ हजार स्थानीय सहभागिता गरी कुल २८ लाखको लगानीमा गत असारमा ढलान कार्य सम्पन्न गरिएको समता सडक खण्ड-कको उद्घाटन गर्दै कार्यक्रमका प्रमुख अतिथि वरिष्ठ इन्जिनियर शारदा मोहन काफ्लेले वडा नं. ११ लाई नगरपालिकाले विकासको प्रमुख प्राथमिकतामा राखी सडक विस्तारको कार्यमा सहयोग प्रदान गर्दै आएको र आगामी दिनमा पनि प्रगति टोल विकास संस्थाको योजनालाई विशेष प्राथमिकताका साथ सहयोग गर्ने बताए ।

उनले पोखरामा क्रियाशील टोल विकास संस्थाहरुमध्ये महिलाहरुले मात्र नेतृत्व गरेको फूलबारीस्थित प्रगति टोल विकास संस्थाले टोलको नियमित सरसफाई, सडक बत्तीहरुको व्यवस्था, सडक निर्माण तथा नागरिक सचेतना जस्ता विविध कार्यक्रमहरु मार्फत समाजमा पुऱ्याएको महत्वपूर्ण योगदानको प्रशंसा गर्दै आगामी दिनमा पनि यस्ता उदाहरणीय कार्यहरुलाई प्रभावकारी रुपमा निरन्तरता दिनुका साथै यस्ता कार्यहरुबाट अरुले पनि पाठ सिक्नुपर्ने सुझाव दिएका थिए ।

कार्यक्रममा विशेष अतिथिको रुपमा समाजसेवी एवं नेपाली कांग्रेस क्षेत्र नं. २ का सभापति माधव बास्तोला 'मधु' ले विभिन्न जिल्लाबाट स्थानान्तरण भई हाल फूलबारीमा बसोबास गर्ने शिक्षित एवं विकासप्रेमीहरु र पुराना बासिन्दाहरुले मिलेर सामाजिक विकास र सद्भाव कायम गर्न पुऱ्याएको योगदानको प्रशंसा गर्दै शिक्षित एवं विकासप्रेमी वडावासीहरुका हरेक राम्रा काममा सधैं आफ्नो साथ रहने विश्वास व्यक्त गरेका थिए । उक्त अवसरमा शिक्षासेवी प्राध्यापक दिपकचन्द्र वाग्ले, नगरपालिकाका इन्जिनियर नेत्र तिमिल्सिना, वडासचिव भीमदेव शर्मा, शिवशक्ति टोल विकास संस्थाका अध्यक्ष पुण्य पौडेल, जनपद महिला समूहका अध्यक्ष द्रौपदी श्रेष्ठले शुभकामना मन्तव्य राखेका थिए ।

प्रगति टोल विकास संस्था, सडक निर्माण उपभोक्ता समिति तथा वडा नागरिक मञ्च ११ का अध्यक्ष तीर्थकुमारी गुरुङको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा सडक निर्माणमा विशेष योगदान गर्ने मौतासिंह गुरुङलाई सम्मानपत्र तथा दोसल्लाबाट र गोमा सिग्देललाई मायाको चिनो र दोसल्लाबाट सम्मान प्रदान गरिएको थियो ।

समाजका अध्यक्ष तीर्थ कुमारी गुरुङले सडक निर्माण तथा संस्थाका गतिविधिहरुका साथै हाल सडक निर्माणमा सहयोग गर्नेहरुलाई धन्यवाद ज्ञापन गर्दै चालु आर्थिक वर्षमा पुन: समता सडक खण्ड-ख निर्माण कार्य अघि बढेकाले उक्त योजनामा पनि विगतमा जस्तै प्राथमिकता पूर्वक सहयोग प्रदान गर्न नगरपालिका कार्यालय र टोलवासीलाई अनुरोध गरेकी थिइन ।

यसैगरी सडक निर्माण उपभोक्ता समितिका सचिव कमल प्रसाद शर्माले आय-व्यय सहितको विस्तृत प्रतिवेदन प्रस्तुत गरका थिए भने उपाध्यक्ष शशीकला पोखरेलले स्वागत मन्तव्य तथा संस्थाकी सचिव डाल्डादेवी भुजेलले कार्यक्रम सञ्चालन गरेकी थिइन ।

दलको...

दलगत रुपमा नेकपा (एमाले)ले अध्यक्ष केपी शर्मा ओलीलाई भावी प्रधानमन्त्रीका रुपमा अघिसारी स्थायी समितिको बैठकले अनुमोदनसमेत गरिसकेको छ । प्रमुख दलबीच संविधान जारी गर्ने सम्बन्धमा भएको १६ बुँदे सहमति हुँदाकै बखत आगामी सरकारको नेतृत्व एमालेलाई दिने भद्र सहमति भएको जनाउँदै ओलीको नामलाई सो पार्टीले अनुमोदन गरेको जनाएको छ । सरकारको नेतृत्व नपाए एमाले प्रतिपक्षमा बस्ने बताउँदै आएको छ । व्यवस्थापिका-संसद्मा रहेका दोस्रो र तेस्रो वरियातमा रहेका दल एमाले र एमाओवादीले काँग्रेसको आधिकारिक धारणाको पर्खाइमा रहेको बताउँदै आएका छन् ।

व्यवस्थापिका-संसद्मा रहेको ठूलो दल नेपाली काँग्रेसका नेताले सरकार गठनको विषयमा सहमति भएको कुरा प्रष्ट रुपमा सार्वजनिक गरेका छनन् । यसले गर्दा काँग्रेस र एमालेबीच सरकार गठन र अरु महत्वपूर्ण पदको बाँडफाँडका विषयमा अनेकौं अड्कलबाजी गर्न थालिएको छ । संसद्मा रहेको सङ्ख्या सरकार गठन गर्ने सन्दर्भमा को कता भन्ने पाटोबाट अड्कल बाजी गरी जोड घटाउको राजनीति एकपटक पुन:सतहमा देखापर्न थालेको छ । यसै सन्दर्भमा प्रधानमन्त्री निवास बालुवाटारमा आयोजना गरिएको सर्वदलीय बैठकमा भने राष्ट्रिय सहमतिको सरकार नै गठन हुनुपर्ने संसद्मा रहेका १८ दलले प्रमुख तीन दलका नेतालाई सुझाव दिएका छन् । नेपाली काँग्रेसका नेता रमेश लेखकले सरकार गठनलगायतका महत्वपूर्ण विषयमा पार्टीको अवधारणा तय गर्न केन्द्रीय कार्यसमितिको बैठक बोलाइ सकिएकाले त्यो बैठकले गर्ने निर्णय नै आधिकारिक हुने बताए ।

दलबीच १६ बुँदे सहमति हुँदा यसपछिको नेतृत्वमा कसको दाबी हुने भन्ने विषयमा सहमति भएको वा सहमति नभएको भन्ने दुवै कोणबाट विचार आएकाले बैठकमा पार्टी सभापतिले यस विषयमा प्रष्ट पार्नुहुने र त्यसपछि पार्टीले सो विषयको आधिकारिक धारणा सार्वजनिक गर्ने उनले बताए । उनले भने-"संसद्मा प्रतिनिधित्व गर्ने सबैभन्दा ठूलो पार्टीको हैसियत, संविधानसभाबाट काँग्रेसकै नेतृत्वमा संविधान जारी गर्ने ऐतिहासिक जिम्मेवारी पूरा गरेको र सबै दललाई मिलाएर लानसक्ने भएकाले पार्टीले भावी प्रधानमन्त्रीको दाबी गर्नसक्ने प्रशस्त आधार छन् ।"एकीकृत नेकपा (माओवादी) ले भने एमाले अध्यक्ष ओलीले नै राष्ट्रिय सहमतिको सरकारको नेतृत्व गर्दा उपयुक्त हुने धारणा सार्वजनिक गर्दै आएको छ । एमाओवादी अध्यक्ष दाहालले त सर्वदलीय बैठकमा समेत सो कुरा उठाएका थिए ।

नेकपा(एमाले)का नेता भानुभक्त ढकालले संविधान जारी गर्ने समयमा देखिएको चुनौती हाल पनि विद्यमान रहेकाले राष्ट्रियता र राष्ट्रिय सङ्कटप्रति उठेका विभिन्न खाले चुनौतीलाई परास्त गर्न प्रमुख तीन दल सहभागी भएको राष्ट्रिय सहमतिको सरकार गठन गर्नुपर्ने आवश्यकतामा जोड दिए ।

उनले काँग्रेस र एमालेबीचको सात बुँदे, प्रमुख चार राजनीतिक दलबीचको १६ बुँदे सहमतिसँगै सरकारको नेतृत्व गर्ने विषयमा भएको भद्र सहमति अदृश्य र नलुकेकाले हिजोको सहमति र अहिलेको सङ्कट समाधान गर्न आफ्नो पार्टीका अध्यक्ष एवम् संसदीय दलका नेता केपी शर्मा ओलीको नेतृत्वमा सरकार गठन हुनुपर्ने तर्क पेस गरे । राष्ट्रपति काँग्रेस, प्रधानमन्त्री एमाले र सभामुख एमाओवादीको रहन्छ भन्ने विषय जसरी आयो त्यो नै भद्र सहमतिको उपज भएको नेता ढकालको भनाइ छ । एमाओवादीका स्थायी समिति सदस्य अग्निप्रसाद सापकोटाले आन्तरिक तथा बाह्य रुपमा आउनसक्ने चुनौतीलाई सामना गर्न राष्ट्रिय सहमतिको सरकार गठन हुनुपर्ने र त्यो अहिले मुलुकको आवश्यकता भएको बताए । उनले भने "भूकम्पपछिको पुन:निर्माण, संविधानको सहज कार्यान्वयन, संविधान संशोधन गर्न नयाँ आधारमा नयाँ राष्ट्रिय एकता कायम गर्नुपर्छ । त्यसका लागि सहमतिको सरकार आवश्यक छ ।" प्रमुख दलबीच १६ बुँदे सहमति हुँदा नै नयाँ सरकार एमालेको नेतृत्वमा गठन हुने कुरा सुनिएको बताउँदै उहाँले राष्ट्रपति र प्रधानमन्त्रीमा आफ्नो पार्टीको दाबी नहुने र सभामुखको विषयमा एमाओवादीले पाउनुपर्छ भन्ने चर्चालाई अस्वभाविक रुपमा नलिएको उल्लेख गरे । रासस

आवश्यकता

कुक : १ जना
(नेपाली, इण्डियन र कन्टिनेन्टल खाना बनाउन जान्ने)
डेलिभरी वेटर : १ जना
(बाइक चलाउन जान्ने)
सम्पर्क
९८५६०७२००९, ०६१-५३५७३८

हार्दिक बधाई

श्री कृष्ण बहादुर कुँवर

यस लायन्स क्लव अफ पोखरा टुरिजम सिटीका अध्यक्ष **लायन प्रदिप कुँवर**का आदरणीय बुबा **कृष्ण बहादुर कुँवर** पोखरा उपत्यका नगरविकास समितिका बोर्ड सदस्यमा मनोनित हुनुभएकोमा सुखद् र सफल कार्यकालको लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

लायन्स क्लव अफ पोखरा टुरिजम सिटी परिवार

"पर्यटन प्रवर्द्धन संगसगै"

चौथो सिटी रेवान दशैं महोत्सव तथा फुड फेस्टीवल- २०७२

स्थान : पोख्रा रंगशाला
मितिः २०७२ असोज २२ गते देखी कार्तिक २ गतेसम्म

महोत्सवका आकर्षणहरु

- लोक दोहोरी गित प्रतियोगिता
- डिंडो खाने प्रतियोगिता
- पप कन्सर्ट (सुगम संगित)
- राष्ट्रिय चर्चित कलाकारद्वारा दैनिक प्रस्तुती
- हाँस्य कलाकारहरुको प्रस्तुती
- चर्चित भारतिय (पटनाका कलाकारद्वारा) भोजपुरी नाच तथा हिन्दी नाच (डिस्को) प्रस्तुती
- गृहिणी महिला नृत्य प्रतियोगिता (उमेर २५ देखी ४० वर्षसम्म)
- रत्यौली गीत प्रतियोगिता
- सिटी रेवान तारा बाल गायन प्रतियोगिता (१० देखी १५ वर्षसम्म)
- बाल उद्यान (चिल्ड्रेन पार्क)
- कृषि प्रदर्शनी (सस्तो बजार) दशैं उपभोग्य वस्तुको प्रदर्शनी (फेन्सी, कस्मेटिक्स, घरायसी सामान, खाद्यान्न लगायत खसी, बोका, च्याङ्ग्रा)

प्रतियोगिताको लागि टिम दर्ता खुल्ला गरिएको छ र पहिलो, दोस्रो, तेस्रो हुने लाई आकर्षक पुरस्कारको व्यवस्था गरिएको छ ।

सम्पर्क- साँस्कृतिक संयोजकः जिवन दाहालः ९८५६०४१०२४, जिवन गुरुङः ९८५६०२०१४४

स्टल बुकिङ्ग धमाधम खुल्ला गरिएको छ ।

सम्पर्क नम्बर: ९८५६०२११६८, ९८१७१४२२४५, ९८०२८०१११०

प्रवर्द्धक मुख्य प्रायोजक सह-प्रायोजक प्रायोजक टिकट प्रायोजक अफिसियल मिडिया
GORKHA BREWERY Part of the Carlsberg Group BIG MASTER Variety Graphics Solution

आयोजकः पोखरा सिटी रेवान